एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# अट्ठाइसौं वार्षिक साधारणसभा

धरान, सुनसरी ।

२२-२३ कात्तिक २०७६ (०८ - ०९ नोभेम्बर २०१९)

# वार्षिक प्रतिवेदन २०७५/७६

एम्नेस्टी इन्टरनेसनल नेपाल

# अट्ठाइसौं वार्षिक साधारणसभा

धरान, सुनसरी ।

२२-२३ कात्तिक २०७६ (०८ - ०९ नोभेम्बर २०१९)

# वार्षिक प्रतिवेदन

# २०७५/७६

# एम्नेस्टी इन्टरनेसनल

सन् १९६१ मा बेलायती ***वकिल पिटर बेनेन्सन***लाई पोर्चुगलका दुईजना युवकले स्वतन्त्रताका नाममा टोस्ट गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय दिएको कुराले साह्रै चिन्तित तुल्यायो । शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकारको उपयोग गरेकै निहुँमा बन्दी बनाएर सरकारले ती युवकहरूमाथि अन्याय गरेको र त्यस्ता पीडितहरूलाई अरु नागरिकहरूले समेत बिर्सेको महसुस पिटर बेनेन्सनले गर्नुभयो र ती पोर्चुगिज युवा र उनीहरूजस्तै अन्यायमा परेका अन्य कयौँ आस्थाका बन्दीहरूका पक्षमा आवाज उठाउन आह्वान गर्दै उहाँले बेलायतबाट प्रकाशित हुने अखबार **'दी अब्जर्भर'** (The Observer) मा २८ मे १९६१ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) शीर्षकको एक लेख प्रकाशित गर्नुभयो । उक्त लेखमा विभिन्न स्थानमा आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाइका लागि २८ मे १९६१ देखि "आममाफीका लागि अनुरोध १९६१" (Appeal for Amnesty 1961) नामक अभियानको थालनी गरिने र सो अभियानसम्बन्धी कामको समन्वय गर्न बेलायतको लन्डनमा कार्यालय स्थापना गरिने कुरा उल्लेख गरिएको थियो । अन्ततः अभियानलाई संस्थागत रूपमा व्यवस्थित तवरले अघि बढाउन ३० सेप्टेम्बर १९६२ मा "एम्नेस्टी इन्टरनेसनल" भनी आधिकारिक रूपमा नामाकरण गरियो ।

एम्नेस्टी इन्टरनेसनल (ए.आई.) अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू सम्मानित र संरक्षित हुनु पर्दछ भनेर अभियान सञ्चालन गर्ने व्यक्तिहरूको एक विश्वव्यापी अभियान हो । यो साधारण व्यक्तिहरूद्वारा सञ्चालित असाधारण (Extraordinary movement by ordinary people) अभियान हो जसमा विश्वभर रहेका ए.आई. का सदस्य एवं समर्थकहरू विश्वको कुनै पनि स्थानमा हुने कुनै पनि प्रकारको मानवअधिकार उल्लङ्घन वा ज्यादतीको विरुद्धमा नैतिक दवाब सिर्जना गर्दछन् । एम्नेस्टीले मानवअधिकारको क्षेत्रमा गरेको कामको मूल्यांकन स्वरूप सन् १९७७ को नोवेल शान्ति पुरस्कार तथा १९७८ को संयुक्त राष्ट्रसंघीय मानवअधिकार पुरस्कार लगायतका थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेको छ । हाल संसारभर ७० लाख भन्दा बढी सदस्य र सहयोगदाता यसमा आवद्ध छन् ।

**एम्नेस्टी नेपाल शाखा**लाई नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले पहिलो पटक स्थापना गर्नु भएको हो । त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" (Nepal Section) को मान्यता प्रदान गरेको थियो । तर तत्कालीन शासन व्यवस्था र परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपालशाखा" को मान्यता खारेज गऱ्यो । "नेपाल शाखा" को मान्यता खारेज भएपछिका वर्षहरूमा पनि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सोझै एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, एम्नेस्टी समुहहरू गठन गर्ने एवं एम्नेस्टीले सञ्चालन गर्ने विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर थियो । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयास भयो र सन् १९९० मा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो । त्यसपछि सन् १९९३ मा नेपाल सो Coordinating Structure लाई अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" को मान्यता प्रदान गऱ्यो । त्यसपछिका वर्षमा एम्नेस्टी नेपालले निर्वाध र सकृयतापूर्वक आफ्ना गतिविधिहरू अघि बढाइरहेको छ र हाल नेपालको ३८ जिल्लाहरूमा सक्रिय एम्नेस्टी नेपालका ७८ समूह, ३ निर्माणाधिन समूह र ४६ युथ नेटओर्कहरूमा आबद्ध झण्डै ८००० सदस्य/अभियन्ताहरू र लाखौंको सङ्ख्यामा सुभेच्छुक र समर्थकहरू रहनुभएको छ ।

# विषय सूची


| | | |
|---|---|---|
| १. | निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/७६ को योजना कार्यान्वयनको प्रतिवेदन | १ |
| २. | कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/७६ को आर्थिक प्रतिवेदन | ६८ |
| ३. | आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन | ७२ |
| ४. | एम्नेस्टी नेपाल पुनरावेदन समितिका पदाधिकारी, नेसनल बोर्डका पदाधिकारी तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरूको नामावली विवरण | ८५ |

# निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/७६को योजना कार्यान्वयनको प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको यस सम्मानित अट्ठाइसौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध समूह तथा निर्माणाधिन समूहका प्रतिनिधि/पर्यवेक्षकज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड/सचिवालयका प्रतिनिधिज्यू, एम्नेस्टी इन्टरनेसनलका अन्य सेक्सनका प्रतिनिधिज्यूहरू, नेसनल बोर्ड एवं पुनरावेदन समितिका पदाधिकारीज्यूहरू, एम्नेस्टी नेपालका पूर्व अध्यक्षज्यूहरू एवं राष्ट्रिय सचिवालयका सहकर्मी साथीहरू,

मानवअधिकारको क्षेत्रमा कार्यरत विश्व को सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संस्था एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको निर्देशकको हैसियतले यस सम्मानित २८ औं वार्षिक साधारण सभासमक्ष एम्नेस्टी नेपालको वर्ष २०७५/७६ को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

विगतका वर्षहरूमा झैं एम्नेस्टी नेपालले यस वर्ष पनि मानवअधिकारसम्बन्धी विभिन्न स्थानीय र अन्तर्राष्ट्रिय अभियान तथा गतिविधिहरू सम्पन्न गरेको छ । आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय सचिवालयको समेत संलग्नता र प्राविधिक सहयोग तथा सुझावका आधारमा विभिन्न अभियानात्मक गतिविधिहरूलाई जारी राखिएको छ । साथै वैदेशिक रोजगारीबाट फर्किएर आएका नागरिकहरूको सम्मानजनक पुनर्एकीकरण लगायत अन्य आर्थिक, सामाजिक र मनोसामाजिक सहयोगका सवालमा सरकारद्वारा अवलम्बन गरिनुपर्ने सर्वोत्तम अभ्यासका बारेमा जनप्रतिनिधिहरू लगायतको सहभागितामा विभिन्न छलफल तथा बहसहरू भएका छन् ।

समाजमा बढ्दो महिला हिंसाका घटनाहरूविरुद्धका विभिन्न अभियानहरू, सङ्क्रमणकालीन न्याय र दण्डहीनताविरुद्धका अभियान, जोखिममा परेका व्यक्ति तथा मानवअधिकारको अवस्था सङ्कटग्रस्त रहेको मुलुकहरूमा नागरिक स्वतन्त्रता र मानवअधिकारका लागि गरिएका अन्य अभियानहरू, मानवअधिकारसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यहरू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कका सदस्यहरूका लागि क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिहरू, मानवअधिकार शिक्षासम्बन्धी अभियान, राइट फर राइट्स् २०१८ अन्तर्गतको पत्र लेखन अभियान, संस्थागत विकास र वृद्धिसम्बन्धी गरिएका विभिन्न गतिविधिहरूले एम्नेस्टी नेपाललाई यस वर्ष थप गतिशील बनाएको छ । एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी ***राइट फर राइट्स् २०१८*** अभियानका क्रममा एम्नेस्टी नेपाल २२ हजार भन्दा समर्थकहरूको सहयोगमा एक लाख ५२ हजार एक्सनहरू सम्पन्न गर्न सफल भएको थियो भने वर्षभरी अन्दाजी झण्डै एक लाख भन्दा बढी समर्थकहरूलाई विभिन्न माध्यमबाट मानवअधिकार अभियानमा जोड्न सफल भयो ।

यसका अलावा एम्नेस्टी इन्टरनेसन नेपालले यस वर्ष संविधानप्रदत्त मौलिक हकहरू कार्यान्वयनका सवालमा नेपाल सरकारद्वारा तर्जुमा गरी कार्यान्वयन गरिएका खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन, आवासको अधिकार ऐन, भूमि ऐनको सातौं र आठौं संशोधन लगायतमा एम्नेस्टी इन्टरनेसनलको मूल्याङ्कन सहितको टिप्पणी र सुझाव प्रस्तुत गर्ने भूमिका खेलेको छ । यस क्रममा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारका क्षेत्रमा कार्य गर्ने नागरिक समाज संघ संस्था र प्रतिनिधि तथा अधिकारबाहकहरूसँगको एम्नेस्टी नेपालको सम्बन्ध थप मजबुत र प्रगाढ भएको छ ।

अध्यक्षज्यू तथा सम्मानित साधारणसभाका सभासदज्यूहरू,

अब म २०७६ असोज ३ गते गते (२० सेप्टेम्बर २०१९) मा बसेको नेसनल बोर्ड बैठकमा पेश भई उक्त बैठकले पारित गरेको यस संस्थाको वर्ष २०७५/७६ को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु । यस प्रतिवेदनमा संस्थाका तर्फबाट **२०७५ साउन १ देखि २०७६ असार मसान्त (१६ जुलाई २०१८ देखि १६ जुलाई २०१९)** सम्म भएका प्रमुख गतिविधिहरूलाई समेटिएको छ ।

# खण्ड १
# मानवअधिकार अभियानसम्बन्धी गतिविधि

# १. दण्डहीनताविरुद्धको अभियान

## १.१ पृष्ठभूमि

मानवअधिकारको सम्मान र संरक्षणको सन्दर्भमा नेपालको सबैभन्दा ठूलो चुनौती अहिले यतिखेर दण्डहीनता नै रहेको छ । देशमा विद्यमान दण्डहीनताका कारण पीडितहरू न्यायको पहुँचबाट टाढा रहन पुगेका छन् । एम्नेस्टी इन्टरनेसनल लगायत मानवअधिकारका क्षेत्रमा कार्यरत थुप्रै सङ्घ संस्था, व्यक्ति, नागरिक र अन्य सरोकारवालाहरूले निकै लामो समयदेखि मानवअधिकारका सवालमा व्याप्त दण्डहीनताका विरुद्ध आवाज उठाउँदै आएका छन् । युद्ध अपराध, मानवताविरुद्धको अपराध, नरसंहार लगायत मानवअधिकारका गम्भीर उल्लङ्घनहरू, गैरन्यायिक हत्या, यातना, बलपूर्वक बेपत्ता, यौन हिंसाका घटनाहरू समाजमा घटित नहुनुपर्ने हो तर यी घटनाहरू नेपाल लगायत विश्वका विभिन्न देशमा व्यापक रूपमा घटेका छन् । यस्ता घटनाहरूका बारेमा अविलम्ब छानबिन गरी पीडकको पहिचान गरी न्यायिक कठघरामा ल्याउनु प्रत्येक सरकार र राज्यव्यवस्थाको एक प्रमुख दायित्वअन्तर्गत पर्दछ । एम्नेस्टी इन्टरनेसनलले यो सवालमा विश्वव्यापी रूपमा अभियान गरिरहेको छ र सन् २००२ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाले एम्नेस्टीको यो अभियानलाई थप उर्जा र प्रेरणा प्रदान गरेको छ ।

नेपालको दश वर्षे द्वन्दकालमा भएका गैरन्यायिक हत्या, यातना, बलपूर्वक बेपत्ता, यौन हिंसाका घटनाहरूको अहिले सम्म उचित सम्बोधन भएको छैन । नागरिक समाज, द्वन्दपीडित समुदाय लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय दबाबबाट ती मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनका घटनाहरूको स्वतन्त्र र निष्पक्ष छानबिन गरी सत्यतथ्य उजागर गर्ने, पीडितलाई परिपूरण र न्याय प्रदान गर्न एवं भविष्यमा त्यस्ता घटनाहरू पुनः नदोहोरिने सुनिश्चितताका लागि संस्थागत सुधारसहितको सिफारिस प्राप्त गर्ने उद्देश्यका साथ स्थापना गरिएका सत्य निरुपण तथा मेलमिलाप आयोग (सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग (बेपत्ता आयोग) ले चार वर्षको आफ्नो कार्यकाल प्रयोजनहीन र बिना कुनै उपलब्धी व्यतित गरेका छन् । सत्यको उजागर गर्ने, गम्भीर अपराधमा संलग्न पीडकको पहिचान गर्ने एवं पीडितहरूलाई परिपूरण सिफारिस गर्ने, गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रवृत्ति अध्ययन गर्ने, संस्थागत सुधारका लागि सिफारिस गर्ने जस्ता मूल जिम्मेवारी कुनै पुरा गर्न नसकी दुवै आयोगका पदाधिकारीहरू पदमुक्त भएको अहिले छ महिनाभन्दा बढी बितिसक्दा पनि आयोगहरूलाई पुनर्संरचना गरी आवश्यक कानुनी सुधारतर्फको मार्गमा अघि बढ्ने सवालमा सरकार र राजनीतिक नेतृत्व निराशलाग्दो ढङ्गले उदासिन देखिएको छ ।

यस अभियानअन्तर्गत एम्नेस्टीले नेपालले विशेष गरेर सशस्त्र द्वन्द्वका समयमा राज्य र द्वन्द्वरत पक्षबाट भएका हत्या, बलपूर्वकबेपत्ता, यातना, यौन हिंसा लगायत गम्भीर मानवअधिकार हननका घटनाहरूको शीघ्र र निष्पक्ष छानबिन गरी पीडित तथा तीनका परिवारलाई न्याय र परिपूरण प्रदान गरी देशबाट दण्डहीनतालाई निर्मुल पर्ने उद्देश्यका साथ विभिन्न छलफल, प्रेस विज्ञप्ति, भेटघाट, द्वन्द्व पीडितलाई आर्थिक तथा प्राविधिक सहयोग लगायत विभिन्न अभियानात्मक गतिविधि गर्दै आइरहेको छ। यस अभियान अन्तर्गत यस वर्ष भएका गतिविधिहरू निम्न अनुसार छन्ः

## १.२. अन्तर्राष्ट्रिय न्याय दिवसका सन्दर्भमा विभिन्न गतिविधिहरू

एम्नेस्टी इन्टरनेसनलले १९९५ देखि नै मानवताविरुद्धका अपराध, युद्ध अपराध र नरसंहार जस्ता घटनाका दोषीहरूलाई कुनै पनि देशका राष्ट्रिय निकायहरूले कारबाही गर्न नसकेमा वा गर्न नचाहेमा त्यस्ता दोषीलाई कारबाही गर्न सक्ने

हैसियत राख्ने एक अन्तर्राष्ट्रिय अदालतको स्थापना हुनुपर्दछ भनी विश्वव्यापी अभियान प्रारम्भ गरेको थियो । त्यसैले सन् १९९८ मा जुलाई १७ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना एम्नेस्टीका लागि पनि एकदमै ठूलो उपलब्धी थियो । यस ऐतिहासिक दिनलाई अहिले अन्तर्राष्ट्रिय न्याय दिवस (International Justice Day) का रूपमा मनाइन थालिएको छ । यस दिवसका सन्दर्भमा केन्द्रित रहेर एम्नेस्टी नेपालका विभिन्न समूह तथा नेटवर्कहरूले स्थानीय स्तरमा निम्नानुसारका गतिविधिहरू आयोजना गरेका थिए ।

| समूह/नेटवर्क | गतिविधि |
|---|---|
| इन्द्रेश्वर युथ नेटवर्क र समूह ७२, पनौती | अन्तर्राष्ट्रिय न्याय दिवसका महत्त्वबारे छलफल कार्यक्रम |
| समूह २५, चितवन | मोटरसाइकल र्याली |
| कपिलवस्तु निर्माणाधिन समूह (हाल समूह ५१), कपिलवस्तु | रोम विधान अनुमोदनका लागि मानवअधिकारको सवालमा काम गर्ने अन्य संस्थाहरूसँग मिलेर जिल्ला प्रशासन कार्यलयमा ज्ञापनपत्र बुझाएको |
| समूह ११,२३,४१ र ७३, विराटनगर | प्लेकार्ड प्रदर्शन र दीप प्रज्वलन |
| समूह ६७, फरेस्ट्री युथ नेटवर्क, हेटौंडा | दीप प्रज्वलन र मन्तव्य कार्यक्रम |
| समूह ८२ ,५४ र बाराही युथ नेटवर्क, पोखरा | रोम विधान अनुमोदनका लागि जिल्ला प्रशासन कार्यलयमा ज्ञापन पत्र बुझाएको |
| समूह ३३, चितवन | चेतनामूलक कार्यक्रम र दीप प्रज्वलन |
| कृषि युथ नेटवर्क, लमजुङ | छलफल कार्यक्रम |
| रामपुर युथ नेटवर्क, चितवन | अभिमूखीकरण |
| जोसेफ युथ नेटवर्क र समूह ८०, काठमाडौं | प्रदर्शन |
| समूह ४३, बनेपा युथ नेटवर्क, बनेपा | रोम बिधान अनुमोदनका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम |
| देवी युथ नेटवर्क, झापा | अन्तर्क्रिया र दीप प्रज्वलन कार्यक्रम |
| काठमाडौं युथ नेटवर्क, काठमाडौं | दीप प्रज्वलन कार्यक्रम |
| समूह ६१, ललितपुर | दीप प्रज्वलन कार्यक्रम |
| धुलाबारी युथ नेटवर्क, झापा | पर्चा र नारा सहितको र्याली आयोजना |
| समूह ६८, नेपालगंज | दीप प्रज्वलन |




समूह र युथनेटवर्कद्वारा भएका केही गितविधिहरूको झलक



४ | काभ्रे टाइम्स | समाचार

अन्र्तराष्ट्रिय फौजदारी अदालतबारे छलफल

मानव अधिकार संगठन एम्नेष्टी इन्टरनेश्नल नेपाल समुह ४३ बनेपा र युथ नेटवर्क बनेपाको संयुक्त आयोजनामा अन्तराष्ट्रिय फौजदारी अदालत के हो ? यसको किन आवश्यक छ भन्ने सन्दर्भमा बनेपा नगरपालिका सभाहलमा एक बृहत छलफल कार्यक्रम सम्पन्न भयो।

जिल्ला अदालत काभ्रेका मुख्य न्यायाधिस अर्जुन प्रसाद अधिकारीको आतिथ्यतामा सम्पन्न कार्यक्रममा समुह ४३ बनेपाका पूर्व संयोजक सिद्धिगोपाल मानन्धरले स्वागत मन्तव्य दिनुभयो । कार्यक्रमलाइ सम्बोधन गर्दै जिल्ला न्यायधिस अर्जुन प्रसाद अधिकारीले अन्याय, अत्यचार थिचोमिचोमा परेका पिडितहरुलाइ छिटो छरितो न्याय दिने कार्य अदालतले निरन्तर गरिरहेको र आगामी दिनमा संविधान ऐन नियमको परिधिमा रहेर गुणस्तरीय कार्य अझ बढाउने धारणा राख्नुभयो । युद्ध अपराध मानवताविरोध अपराधमा संलग्न नर संहार गर्ने युद्ध अपराधीलाइ कारबाही गर्ने विशेष खालको कानुनी व्यवस्था नहुदाको बखत अन्तराष्ट्रिय फौजदारी अदालतमा अपराधीलाइ कानुनी कठघरामा उभ्याउन रोम विधानको अनुमोदन गरी देशले कार्यान्वयन गराउन आवश्यक रहेको कुरा एम्नेष्टी इन्टरनेश्नलले जुनखालको अभियान सञ्चालन गरेको छ । त्यसमा राज्य शक्तिको बागडोर हाक्नेले यसको रोम विधानमा हस्ताक्षर गरी अन्यायमा परेका पिडितलाइ न्याय दिन सक्ने कुरामा आशावादी रहेको कुरा बताउनुभयो । युद्ध कालमा भएको घटनाको सत्यतथ्य जानकारी ल्याउन नेपाल सरकाले सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेको छ । त्यसले पिडितथहरुले न्याय पाउन सक्छन् । अन्याय पर्नै छैन भनि राज्यले अन्तराष्ट्रिय जगतलाइ थप विश्वस्त पार्न सकेको खण्डमा रोम विधान लागु गर्नुपर्ने बाध्यता नहुने कथन जिल्ला न्यायधिस अधिकारीले राख्नुभयो । बिशिष्ट अतिथिको आशनबाट बोल्दै नगरप्रमुख लक्ष्मीनरसिं बादेले आदेश माने मानव अधिकार उल्लघन नमाने कारबाही तथा जागिरबाट बरखास्त हुन्छ त्यसैले आदेश दिनेलाई व्यवहारिक रुपमा कारबाही गर्न चुनौती रहेको उल्लेख गर्दै जघन्य अपराध गर्ने जाकोहीलाई अन्तराष्ट्रिय कठघरामा उभ्याउन सक्ने वातावरण राज्यले निर्धारण गर्नुपर्ने धारणा राख्नुभयो । ४३ समुह बनेपाका संस्थापक संयोजक एंव मानवअधिकारकर्मी राजु सरकारले मानवअधिकारको संरचना सम्बधन गर्न अभियानमा जुटेको मानवअधिकार संगठन एम्नेष्टी इन्टरनेश्नलले अन्याय थिचोमिचो र अत्याचारमा पिल्सीएका पिडितहरुलाइ सामाजिक न्याय दिलाउनको लागी लागीपरेको धारणा राख्नुभयो । विश्वमा १ सय २३ राष्ट्रले अन्तराष्ट्रिय फौजदारी अदालतमा जान हस्ताक्षर गरेकोले नेपालले पनि हस्ताक्षर गरी रोम विधान लागु गर्न पटक पटक आग्रह गरे पनि हाल सम्म हुन नसकेकोमा दुःख व्यक्त गर्नु भयो । निहत्था जनताको नरसंहार, युद्धको समयमा गम्भिर प्रकृतिको अपराध र मानव विरुद्धको अपराधमा संलग्नलाई अन्तराष्ट्रिय अदालतमा उभ्याउन सके मात्र देशले निदृष्ट गरेको शान्त, समृद्ध र सुखि नेपालीको परिकल्पलाइ पुरा गर्न सक्ने धारणा प्रमुख वक्ता राजुसरकारले राख्नुभयो ।

एम्नेष्टी इन्टरनेश्नलका केन्द्रीय कोषाध्यक्ष विक्रम दुकुच, नेपाल बार एसोसियन काभ्रे बार एकाइका अध्यक्ष कृष्ण सापकोटा, बनेपा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोजराज घिमिरे, एम्नेष्टी इन्टरनेश्नल ७२ समूह पनौतीका संयोजक सोमप्रसाद हुमागाइ बनेपा नगरपालिकाका वडा अध्यक्षहरु नागरिक समाजको उपस्थिति रहेको कार्यक्रमको सभापतित्व एम्नेष्टी इन्टरनेश्नल ४३ समूह बनेपाको संयोजक राजन भालुले गर्नुभएको कार्यक्रममा धन्वाद ज्ञापन हरिचन्द्र मानन्धरले गर्नुभयो भने कार्यक्रमको सञ्चालन संविना कोइरालाले गर्नुभएको थियो । कार्यक्रमको लागि आर्थिक सहयोग आशिष खाद्य स्टोरका सञ्चालक राजन कायस्थले गर्नुभएको थियो ।

## १.३. सङ्क्रमणकालीन न्यायसम्बन्धी मस्यौदा संशोधन विधेयकमा कानुनी विश्लेषण सार्वजनिक

मिति २०७५ श्रावण ४ गते (जुलाइ २०) एम्नेस्टी दक्षिण एसिया क्षेत्रीय कार्यालय (सारो)ले इन्टरनेसनल कमिसन अफ जुरिस्ट र ट्रायल इन्टरनेसनलसँगै मिलेर नेपाल सरकारले सार्वजनिक गरेको सङ्क्रणकालीन न्यायसम्बन्धी मस्यौदा विधेयकका सवालमा आफ्नो प्रारम्भिक कानुनी विश्लेषण सार्वजनिक गरेको थियो । मस्यौदाका कतिपय कुराहरू सकारात्मक भएपनि आममाफिकै हाराहारीमा हुनेगरी प्रस्तुत गरिएको दण्ड सजायसम्बन्धी प्रावधान लगायत युद्ध अपराध र मानवताविरुद्धको अपराधलाई मस्यौदाबाट हटाइनु तथा बेपत्ता पार्ने कार्यसम्बन्धी परिभाषालाई झिकिनु आदि कारणबाट ऐनका सवालमा केही गम्भीर सरोकार रहेको बारे उक्त कानुनी विश्लेषणले औंल्याएको थियो । उक्त विश्लेषणलाई निम्न संचार माध्यमहरूले प्रसार गरेका थिए:

- http://kathmandupost.ekantipur.com/news/2018-07-21/rights-groups-pick-flaws-in-draft-bill.html
- Nepal123 (Online portal)
- http://nep123.com/index.php/2018/07/21/draft-bill-on-transitional-justice-fraught-with-serious-shortcomings-rights-bodies/

## १.४. सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन मस्यौदा विधेयकमाथि प्रदेशस्तरीय छलफल कार्यक्रम आयोजना गर्न द्वन्द्वपीडित साझा चौतारीलाई सहयोग



नेपाल सरकारले २०७५ श्रावणमा सार्वजनिक गरेको सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन मस्यौदा विधेयकमाथि परामर्श छलफलका लागि एम्नेस्टी नेपालले द्वन्द्वपीडित साझा चौतारीलाई मिति २०७५ श्रावण २०, २२ र २६ (अगस्ट ५, ७ र ११) मा क्रमश: कञ्चनपुरको महेन्द्रनगर, डोटीको दिपायल र सुनसरीको धरानमा एक दिने छलफलक कार्यशाला आयोजना गर्न आर्थिक र प्रशासनिकसहितको प्राविधिक सहयोग गरेको थियो । उक्त कार्यक्रममा क्रमशः ५८, ४३ र ६३ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा उपस्थित द्वन्द्व पीडितहरूले संशोधन मस्यौदाका बारेमा उक्त समयसम्म केही नसुनेका बताएका थिए । पीडितहरूलाई प्रस्तावित संशोधन मस्यौदाको नयाँ प्रावधनहरूका बारेमा प्रकाश पार्दै यस ऐनले प्रस्तुत गरेको सम्भावना तथा यस ऐनमा राखिएका प्रावधानहरूसँग सम्बन्धित केही चासो र सरोकारहरूका बारेमा सरलीकृत भाषामा प्रस्ट्याइएको थियो । त्यसपछि उनीहरूलाई विभिन्न विषयगत छलफलहरूमा सहभागी गराएर प्रस्तावित नयाँ मस्यौदाका नयाँ विषयहरूका बारेमा उनीहरूको धारणा व्यक्त गर्न लगाइएको थियो ।

## १.५. आठौं अन्तर्राष्ट्रिय बेपत्ता दिवसका सन्दर्भमा विभिन्न कार्यक्रमहरू

आठौं अन्तर्राष्ट्रिय बेपत्ता दिवसको सन्दर्भमा एम्नेस्टी नेपालले नेपालका सशस्त्र द्वन्द्वपीडित र नागरिक समुदायको सहकार्यमा दीप प्रज्जवलन कार्यक्रम गर्यो । उक्त कार्यक्रमको सम्पूर्ण तयारी र समन्वय एम्नेस्टी नेपालले गरेको थियो । कार्यक्रममा बेपत्ता परिवारका सदस्यबाट दीप प्रज्वलन गरी उद्घघाटन गरिएको थियो जसमा मानव अधिकारकर्मी, पत्रकार, द्वन्द्वपीडित, काठमाडौं उपत्यकामा रहेका एम्नेस्टीमा आवद्ध समूह र युथ नेटवर्कका सदस्यहरू सदस्यहरू गरी करिव २०० जनाको उपस्थिति थियो । त्यस्तै एम्नेस्टी नेपालले नेपालगञ्जका द्वन्द्वपीडित समूहलाई पनि बेपत्ता दिवसको सन्दर्भमा स्थानीय गतिविधि गर्नका लागि केही प्राविधिक सहयोग उपलब्ध गराएको थियो। मिडिया निर्माणाधिन समूह (हाल समूह ५३), काठमाडौंले पूर्व कानुनमन्त्री लगायतका व्यक्तित्वहरूको उपस्थितिमा सङ्क्रणकालीन न्याय र बेपत्ताका विषयमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । यसका आलावा एम्नेस्टी नेपालका विभिन्न समूह र नेटवर्कहरूले स्थानीय स्तरमा कार्यक्रमहरू गरेका थिए जसमा करिव ७०० व्यक्तिको उपस्थिति थियो ।

| समूह,नेटवर्क | गतिविधि |
|---|---|
| काठमाडौं युथनेटवर्क, काठमाडौं | सत्य, न्याय र परिपूरणसम्बन्धी विद्यालयमा अभिमूखीकरण, अन्तर्क्रिया कार्यक्रम र चित्रकला प्रतियोगिता |
| समूह ५७, समुह ४६, जनकपुर युथ नेटवर्क, जनकपुर | प्रदेश दुईका मुख्य मन्त्रीलाई ज्ञापन पत्र र जानकी मन्दिर परिसरमा दीप प्रज्वलन कार्यक्रम |
| निर्माणाधिन मिडिया समूह (हाल समूह ५३), काठमाडौं | बेपत्ता पारिएको नागरिक विषयमा अन्तर्क्रिया कार्यक्रम |
| समूह ५४, पोखरा | जनचेतना मुलक कार्यक्रम र दीप प्रज्वलन कार्यक्रम |
| समूह ११, २३, ४१, ७३ ,विराटनगर | दीप प्रज्वलन कार्यक्रम र र्याली |
| समूह ६८ नेपालगंज | अन्तर्क्रिया कार्यक्रम , दीप प्रज्वलन कार्यक्रम |
| समूह २५, चितवन | अभिमूखिकरण कार्यक्रम |
| इमोर्टल युथनेटवर्क र दमक युथनेटवर्क, झापा | दीप प्रज्वलन कार्यक्रम |
| फरेस्ट्री युथ नेटवर्क र समूह ६७, हेटौडा | दीप प्रज्वलन र *डकुमेन्ट्री* प्रदर्शन |
| धुलाबारी युथनेटवर्क, झापा | दीप प्रज्वलन कार्यक्रम |
| समूह ७६ र समूह ४२ , गोरखा | प्लेकार्ड सहितको प्रभातफेरी, प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र र दीप प्रज्वलन |
| गोर्खा इन्टरनेशनल युथ नेटवर्क, अम्विकेश्वरी युथ नेटवर्क र अग्रसन युथ नेटवर्क, दाङ | दीप प्रज्वलन कार्यक्रम र पर्चा प्रदर्शन |
| जोसेफ युथ नेटवर्क र समुह ८०,काठमाडौं | Flash mob , *एरियल फोटो स्टन्ट* |

| | |
|---|---|
| समूह ७२, पनौती | दीप प्रज्वलन कार्यक्रम |
| बाराही युथ नेटवर्क र समूह ८२, पोखरा | *फोटो स्टन्ट* |
| समूह २, समूह ६९ र काक्रेविहार युथ नेटवर्क, सुर्खेत | शान्ति *र्‍याली* ,हस्ताक्षर संकलन र दीप प्रज्वलन कार्यक्रम |
| पक्लीहवा युथ नेटवर्क, भैरहवा | सडक नाटकमार्फत बेपत्ता पारिने कार्यका बारेमा चेतना जगाएको |

यसरी एम्नेस्टी अभियन्ताहरूले मानवअधिकार सम्बन्धी आयोजना गरेका दीप प्रज्वलन, छलफल, अभिमूखिकरण, र्‍याली लगायतका अभियानात्मक कार्यक्रमले जनचेतना बढाउनुका साथै, सम्बन्धित स्थानीय निकायमाथि दबाब सृजना गरेको छ । साथै यी गतिविधिहरूले पीडितहरूको न्यायको लडाईंप्रति ऐक्यबद्धता र प्रतिबवद्धता देखाउन सफल भएको छ ।











## १.६. मुक्तिनाथ अधिकारी १७ औं वार्षिक स्मृति तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी छलफल कार्यक्रम

एम्नेस्टी नेपालका तत्कालीन समूह ७९, लमजुङ्का संयोजक श्री मुक्तिनाथ अधिकारीलाई वि.सं. २०५८ साल माघ तीन गते विद्यालयमा पढाइरहेको ठाउँबाट तत्कालीन माओवादी कार्यकर्ताले लगेर बर्बरतापूर्वक हत्या गरेका थिए । आफ्नो एकजना सक्रिय अभियान्ताको हत्याको दुखःद् सम्झनामा एम्नेस्टी नेपालले हरेक वर्ष माघ तीनका दिन स्मृति कार्यक्रम आयोजना गर्दछ र नेपालका समस्त द्वन्द्वपीडित परिवारको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गरिनुपर्दछ भन्दै वकालत गर्दछ।




सधैझैं यस वर्ष पनि एम्नेस्टीले मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठानसंगको संयुक्त आयोजनामा माघ तीन गते मुक्तिनाथ अधिकारीको १७ औं वार्षिक स्मृति कार्यक्रम र "**नेपालको सङ्क्रमणकालीन न्याय प्रकृयाको अन्यौलता**"का बारेमा छलफल कार्यक्रम आयोजना गर्यो । कार्यक्रममा १६२ जनाको सहभागिता रहेको थियो । सहभागीमध्ये राजनीतिज्ञहरू सरिता गिरी र मिनेन्द्र रिजालले आफ्नो दलले यस विषयलाई अझ गम्भीरताका साथ लिई सरकारसँग वार्ता गर्ने बताएका थिए। कार्यक्रमको विस्तृत जानकारी एम्नेस्टी नेपालके वेभपेजमा यहाँ हेर्न सकिनेछ : http://www.amnestynepal.org/campaigns/ai-nepal-activities

उक्त कार्यक्रमलाई निम्न लिखित सञ्चार माध्यमले प्रसार गरेका थिए :

- http://epaper.nagariknetwork.com/nagarik/src/epaper.php?id=3699#page/8
- http://epaper.ekantipur.com/epaper/the-kathmandu-post/2019-01-18/pages/387fb02c2a_2019-01-18_2.pdf
- http://hamro-magazine.appspot.com/webapp/5707c25b-57d4-4822-be33-b5485696b7eb/bea29a55-13d9-492e-85ad-b176930efcd2
- https://goo.gl/orwqq7
- https://www.kantipurdaily.com/feature/2019/01/17/154773311282877615.html

## १.७.सङ्क्रमणकालीन न्यायसम्बन्धी माग पत्र तथा विज्ञप्ति

सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगहरूको म्याद थप गरेको र आयोगहरूमा आयुक्त पदाधिकारीहरूको म्याद सकिने सन्दर्भलाई लिएर एम्नेस्टी नेपालसमेतको पहलमा नागरिक समाज र मानवअधिकारकर्मीहरूले माघ २३ अर्थात फेब्रअरी ६ मा सरकारलाई आफ्नो माग र धारणा प्रस्तुत गरेका थिए। उक्त पत्रमा सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानुनको बर्खिलाप नहुनेगरी पीडितका अधिकारलाई केन्द्रमा राखी यथाशीघ्र कानुन संशोधन प्रकृयालाई निष्कर्षमा पुर्याई आयुक्तहरूको पारदर्शी र खुल्ला प्रकृयाबाट नियुक्ती प्रकृया थालनी गर्न आह्वान गरिएको थियो। उक्त मागपत्रलाई फेब्रुअरी २८ का दिन राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्मालाई बुझाइएको थियो।

त्यस्तै एम्नेस्टी इन्टरनेसनल, आइसिजे र ट्रायल इन्टरनेसनलले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै सरकारलाई अबको एक वर्षमा समयको सदुपयोग गर्दै कानुनन संशोधन गरी पारदर्शी हिसाबमा आयुक्तहरू नियुक्त गरी आयोगहरूलाई सक्षम र निष्पक्ष बनाउन भूमिका खेल्नका लागि आह्वान गरेका थिए।



myRepública | MC MY CITY

Tuesday, 12 February 2019 03:01 PM

HOME POLITICS ECONOMY SOCIETY SPORTS WORLD OPINION LIFESTYLE THE WEEK MY CITY

**Int'l, local rights bodies ask govt to pick independent experts for TJ bodies**

February 12, 2019 09:42 AM Republica

84 | Shares facebook twitter google+

For Videos KATHMANDU, Feb 11: Rights bodies and conflict victims have urged the government to begin consultations on transitional justice-related law and appoint competent professionals to fill the leadership void in Transitional Justice bodies without further delay.

The government on Wednesday extended the terms of the TJ bodies—Truth and Reconciliation Commission and Commission of Investigation on Enforced Disappeared Persons— by another year, and asked the incumbent commission members to continue in office until mid-April. The government wants to finalize the TJ-related laws and reshuffle the existing commissions by that date.

Miffed by lack of cooperation from the government on the legal and administrative fronts, TRC head Surya Kiran Gurung and member Lila Udasi tendered their resignations last week. The two have reportedly stopped coming to office since submitting their resignations to TRC seniormost member Shree Krishna Subedi a few days before the expiry of their terms on February 9.

The leadership void has caused confusion at the TRC, which has received more than 63,000 complaints about conflict-era cases. "While picking commissioners the government should appoint those committed to the rights of conflict victims, human rights, international humanitarian law, and who are ethical, honest and mentally and physically sound, instead of sharing the seats among the political parties," the Conflict Victims National Alliance Nepal stated in a press statement issued Monday.

The alliance has opposed the idea of nominating conflict victims to the TJ bodies although it expressed its commitment to participating in legal consultations while finalizing TJ related law. They argued that once conflict victims are nominated to such bodies, the perpetrators also will claim seats on the same bodies and that will ultimately weaken the overall TJ process. An amendment bill for replacing existing law is now under consultation among stakeholders.

Likewise, various international organizations working in the field of human rights, such as the International Commission of Jurists, Amnesty International and TRIAL Internationa, have called on the government to commit itself to a transparent and consultative transitional justice process that is in line with international law and the relevant judgments of the Supreme Court."A further one-year extension will be meaningless if measures are not taken to secure the independence and impartiality of the commissions," said Frederick Rawski, ICJ Asia Pacific Director, in a statement jointly issued by the aforementioned three international organizations.

"This can only be achieved through a transparent selection process driven by a genuine will to combat impunity - not just for conflict victims, but for future generations."

The three organizations reiterated their view that the process to date has failed to deliver justice, truth or reparation for victims of crimes under international law and gross human rights violations, or to establish laws and institutional safeguards to ensure that such crimes are never repeated. The organizations underscored the need for independent, competent and impartial commissions, compliance with international law, and the meaningful participation of conflict victims, civil society and the National Human Rights Commission in the design and implementation of the process.

They have expressed disappointment with the government for its failure to address substantive legal concerns raised repeatedly in the past by victims, civil society and the international human rights community. The government has not given any clear indication if or how these concerns will be addressed, reads the statement.

"The independence of the Commissions, together with a legal framework in accordance with international law, will make or break the success of the commitment to guarantee justice, truth and reparation," said Biraj Patnaik, South Asia Director of Amnesty International. "The process for appointing new commissioners must be transparent and open to public scrutiny. Victims and civil society must have a robust opportunity to propose and vet candidates."

rights_bodies transitional_justice conflict_victims



Nepal | February 12, 2019

The Himalayan TIMES

Home Kathmandu Nepal World Opinion Business Sports Environment Entertainment Education Science & Tech Videos e-Paper

Travel Mobile & Apps Automobile Health Food Lifestyle Women Fashion People Buy@Amazon BRANDfest Nepal 2018

The Himalayan Times > Kathmandu > Open transitional justice process, urge ICJ, AI, TRIAL

**Open transitional justice process, urge ICJ, AI, TRIAL**

Published: February 12, 2019 10:00 am On: Kathmandu

HIMALAYAN NEWS SERVICE

Kathmandu, February 11

International Commission of Jurists, Amnesty International and TRIAL International today called on the government to commit to a transparent and consultative transitional justice process that complied with international law and the judgments of the Supreme Court.

The government has extended mandates of the two transitional justice mechanisms – Truth and Reconciliation Commission and Commission on the Investigation of Enforced Disappearance of Persons – for an additional year and their members till April 13.

"A further one-year extension will be meaningless if measures are not taken to secure the independence and impartiality of the commissions," said Frederick Rawski, ICJ Asia Pacific director, in a press statement issued today. "This can only be achieved through a transparent selection process driven by a genuine will to combat impunity – not just for conflict victims, but for future generations."

The three organisations reiterated their view that the process had till date failed to deliver justice, truth or reparation for victims of crimes under international law and gross human rights violations or establish laws and institutional safeguards to ensure that such crimes are never repeated. The organisations underscored the need for independent, competent and impartial commissions, compliance with international law, and meaningful participation of conflict victims, civil society and National Human Rights Commission in the design and implementation of the process.

The organisations also noted with disappointment that substantive legal concerns raised repeatedly by victims, civil society and the international human rights community had gone unanswered.

A version of this article appears in print on February 12, 2019 of The Himalayan Times.

## १.८. सङ्क्रमणकालीन न्यायसम्बन्धी दबाबमूलक कार्यक्रमहरू







सन् २०७१ माघ (२०१५ फेब्रुअरी) र त्यसअघि विभिन्न मुद्दाहरूमा सर्वोच्च अदालतले दिएको आदेश र सङ्क्रमणकालीन न्यायसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुरुप हुनेगरी ऐन संशोधन गर्न पीडित र नागरिक समाजले सरकारसँग निकै लामो समयअघिदेखि नै माग राख्दै आइरहेको भएपनि सरकारले त्यससम्बन्धी ठोस कदम अहिलेसम्म नचाली पुरानै ऐनको जगमा यथास्थितिमा र पुरानै शैलीबाट अघि बढ्न थालेको सन्दर्भमा पीडित र नागरिक समाजका सदस्यहरूले वैशाख १५ मा परामर्श छलफल गरी कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको थियो। सो भेलाले तत्काल दबाबमूलक कार्यक्रम अघि सार्नुपर्ने निष्कर्षसहित वैशाख १६ र १७ गते माइतिघर मण्डलामा शान्तिपूर्ण धर्ना दिने कार्यक्रम तर्जुमा गरी सोअनुरुप कार्यक्रम अघि बढाएको थियो। एम्नेस्टी नेपालले यसमा ऐक्यबद्धता जनाउनुका साथै लजिस्टिकल सहयोग पनि उपलब्ध गराएको थियो। कार्यक्रमले सरकारलाई थप दबाब सिर्जना गर्न सकेको र द्वन्द्वपीडित समुदायप्रति थप ऐक्यबद्धताको भाव व्यक्त भएको थियो ।

## १.९. द्वन्द्वको समयमा हुने यौन हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस



द्वन्द्वको समयमा हुने यौन हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस १९ जुन (International Day for the Elimination of Sexual Violence in Conflict) का सन्दर्भमा एम्नेस्टी नेपाल आबद्ध काठमाडौं, पोखरा र नेपालगंजमा रहेका एम्नेस्टी अभियन्ताहरूले अन्तर्क्रिया, विचार मन्थन, दीप प्रज्वलन लगायतका कार्यक्रमको आयोजना गरी नेपालको १० वर्षे द्वन्द्व कालमा यौनजन्य हिंसा भोग्न बाध्य भएका पीडितहरूको पहिचान, न्याय र परिपूरणका लागि आहवान गरेका थिए साथै द्वन्द्वको समयमा हुने यौन हिंसाका बारेमा जनचेतना जगाएका थिए । काठमाडौंको समूह ८० ले सो सन्दर्भमा स्थानीय महिला सञ्जाल, वडा अध्यक्ष, पूर्व कानुनमन्त्री र सङ्घीय संसदका सांसद माननीय शेरबहादुर तामाङको प्रमुख आतिथ्यतामा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो ।

# २. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अभियानहरू

आफ्नो स्थापना कालदेखि नागरिक र राजनीतिक अधिकारमा केन्द्रित रहेर अभियान चलाउँदै आएको एम्नेस्टीले सन् २००१ मा आएर मानवअधिकारहरू अविभाज्य रहेको मान्यतालाई थप जोड दिदैं आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारमा पनि अभियान चलाउन थालेको हो ।एम्नेस्टीले खाद्य, पर्याप्त आवास, शिक्षा, स्वास्थ्य, पानी, भूमि लगायत अन्य आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सुनिश्चितताका लागि वकालत गर्दै आइरहेको छ। यस आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसंगको संलग्नताले एम्नेस्टीलाई जटिल भन्दा जटिल रहेका मानवअधिकारका समस्याहरुलाई अझ समग्र र व्यापक रूपमा सम्बोधन गर्न सहयोग मिलेको छ ।

नेपालका सन्दर्भमा एम्नेस्टीले आप्रवासी श्रमिकहरूको अधिकार, यौन तथा प्रजनन अधिकार, पर्याप्त आवासको अधिकार लगायतका विषयमा अध्ययन अनुसन्धान गरी अभियानहरू गर्दै आइरहेको थियो भने यसै वर्षदेखि भूमि र खाद्य अधिकारमा पनि अध्ययन, छलफल र पैरवीमूलक गतिविधिहरूको थालनी गरेको छ ।

## २.१. मौलिक हकसम्बन्धी कानुनमा सुझाव र टिप्पणी

एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको दक्षिण एसिया क्षेत्रीय कार्यलय, कोलम्बोसँगको सहकार्यमा संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू कार्यान्वयनका लागि संसदबाट पारित गरिएका विभिन्न कानुनहरूमध्ये खाद्यअधिकार र खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५, भूमि ऐन २०२१ को सातौं र आठौं संशोधन तथा आवासको अधिकारसम्बन्धी ऐन २०७५ का सकारात्मक र नकारात्मक पक्षहरूको विश्लेषण गरी उक्त ऐनहरूमा सुधार गर्नुपर्ने पक्षहरूका बारेमा अधिकार सम्बाहक समूह, विज्ञ, गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूसँग कार्यशाला, फोकस्ड ग्रुप छलफल र अन्तर्क्रियामार्फत व्यापक छलफल गरी एक सुझावपत्र तयार पार्न सहयोग गर्यो ।



*मौलिक हकहरू कार्यान्वयनका लागि सरकारले लागू गरेको कानुनमा नागरिक समूहको तर्फबाट कानुनमन्त्रीलाई सुझावपत्र पेश गरिँदै*

उक्त सुझाव पत्रलाई मिति २०७५ मंसिर २५ का दिन कानुनमन्त्री भानुभक्त ढकाललाई पेश गरिएको थियो । मन्त्री ढकालले सुझावलाई सुक्ष्म अध्ययन गरी सोअनुरूप अघि बढ्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

## २.२. आप्रवासी श्रमिकअधिकारसम्बन्धी अभियान

एम्नेस्टी नेपालले विगत लामो समयदेखि आप्रवासी श्रमिकहरू उपर नेपालभित्रै र विभिन्न गन्तव्य मुलुकमा हुने ज्यादतीविरुद्ध अध्ययन, अनुसन्धान लगायत न्यायका लागि पैरवीमूलक गतिविधिहरू गर्दै आइरहेको छ । यस क्रममा दुईवटा अनुसन्धान प्रतिवेदनहरू "झुठा वाचाहरू" (२०११) र "मानिसलाई मुनाफामा परिणत गर्दै" (२०१७) सार्वजनिक गरी नेपाली आप्रवासी श्रमिकहरूको ज्यादतीयुक्त भर्ना, बेचबिखन र जबर्जस्ती श्रम भइरहेको तथ्य एम्नेस्टीले बाहिर ल्याएको थियो । विशेषगरी आप्रवासनका क्रममा लिएको ऋणले श्रमिक र उनीहरूको परिवारमा घातक प्रभाव परेको र उनीहरू बँधुवा श्रमिकका रूपमा परिणत भइरहेको वास्तविकता सार्वजनिक गरेको थियो । एम्नेस्टी नेपालले यस गम्भीर विषयमा सरकारलाई जवाफदेही र उत्तरदायी बनाउन तथा सम्बन्धित सरोकारवारहरूमा सचेतना फैलाउनका लागि विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ ।

### २.२.१. श्रम मन्त्री तथा वैदेशिक रोजगार विभागका महानिर्देशकलाई पत्र

मिति २०७५ श्रावण ३० मा एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयको आप्रवासी श्रमिकसम्बन्धी अध्ययन गर्ने टोलीले तयार पारेको नेपाली आप्रवासी श्रमिकहरूसम्बन्धी अनुसन्धानको सार र पत्र श्रममन्त्री गोकर्ण बिष्ट र वैदेशिक रोजगार विभागका तत्कालिन महानिर्देशक दिलीप कुमार चापागाईंसमक्ष एम्नेस्टी इन्टरनेसनल नेपालले पेश गरेको थियो । उक्त पत्रमा कतारको मर्करी मिना कम्पनीमा रोजगारीमा रहँदा तलब नपाएको, समझदारी पत्रमा उल्लेख भएअनुसारको व्यवस्था नभएको र रोजगारीबाट पारिश्रमिक नदिई निकालिदिएको जस्ता अन्य समस्या भोगी नेपाल फर्किएका ३४ आप्रवासी श्रमिकहरूका अवस्थामाथि प्रकाश पारिएको छ । सो पत्रमा यससम्बन्धी श्रम मन्त्रालय र वैदेशिक रोजगार विभागले कुनै ठोस कदम चालेको छ या छैन जस्ता अन्य जिज्ञासा समावेश रहेका थिए ।

### २.२.२. "Corporate Accountability and Litigation Strategies on Migrants' Rights" सम्बन्धी कार्यशाला




एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालय, नेपाल कार्यलय र दक्षिण एसिया क्षेत्रीय कार्यालयको संयुक्त आयोजनामा अवसरमा २०७५ माघ २९ मा आप्रवासी श्रमिकहरूलाई श्रम भर्ना गर्ने क्रममा गलत अनैतिक/अनइथिकल प्राक्टिस् गर्ने तथा *बिजिनेश र ह्युमन राइट्ससम्बन्धी गाइडिङ्ग प्रिन्सिपल* अनुसरण नगर्ने बहुराष्ट्रिय कम्पनीलाई युरोपलगायतका अन्य क्षेत्राधिकारभित्र रणनीतिक मुद्दा दायर गरी उनीहरूलाई जवाफदेही बनाउन सकिने वा नसकिने, संभावना आदिका बारेमा कार्यशाला आयोजना गरिएको थियो । उक्त एक दिने कार्यक्रममा आप्रवासी श्रमिक अधिकारको क्षेत्रमा कार्यरत नेपालका गैरसरकारी संस्थाका करिब २० जना प्रतिनिधिहरूको सहभागिता थियो। कार्यक्रम पश्चात सहभागीहरूले बहुराष्ट्रिय र माउ कम्पनीहरूलाई आप्रवासी श्रमिकहरूको शोषणको विषयमा पनि कसरी उत्तरदायी बनाउन सकिन्छ भन्नेबारेमा ज्ञान अभिवृद्धि भएको कुरा व्यक्त गरेका थिए ।

## २.२.३. अन्तर्राष्ट्रिय श्रमिक दिवस

एम्नेस्टी नेपालले यस दिवसका अवसरमा आफ्ना अभियन्ताहरूलाई एक्शन सर्कुलर पठाई स्थानीय स्तरमा कार्यक्रमहरू आयोजना गर्न अनुरोध गरेको थियो साथै नयाँ श्रम ऐनलाई समेटेर जनचेतना अभिवृद्धि गर्ने उदेश्यले infographics भिडियो बनाई सामाजिक संजालमा राखिएको थियो ।

स्थानीय स्तरमा एम्नेस्टी नेपालमा आबद्ध अभियन्ताद्वारा काभ्रे, कपिलवस्तु, काठमाडौं, सर्लाही र सुर्खेत जिल्लामा श्रमिक अधिकार, आप्रवासी श्रमिक अधिकार, श्रम ऐन २०७४ आदिका बारेमा स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू आयोजना गरेका थिए जसको विस्तृत विवरण निम्न छन् :

| समूह/युथ नेटवर्क | गतिविधि |
| --- | --- |
| समूह ४३, बनेपा | नयाँ श्रम ऐनका बारेमा छलफल कार्यक्रम |
| समूह ५१, कपिलवस्तु | एम्नेस्टीको आप्रवासी अधिकार सम्बन्धी पछिल्लो प्रतिवेदन "मानिसलाई मुनाफामा पारिणत गरिदै" को सारांश प्रस्तुत र निर्माण कार्यमा श्रमिकको भूमिका विषयमा छलफल कार्यक्रम |
| समुह ७८, सर्लाही | दीप प्रज्वलन, सामाजिक सुरक्षा ऐनको प्रभावकारी कार्यन्वयन लगायतका माग गर्दै छलफल कार्यक्रम |
| समूह २, सुर्खेत | दीप प्रज्वलन |
| रामपुर युथ नेटवर्क | नारा लेखन प्रतियोगिता |






## २.२.२. आप्रवासी श्रमिकअधिकारको विषयमा श्रममन्त्री गोकर्ण बिष्ट लगायत अन्य सरकारी नियकायहरूसँग भेट

मिति २०७६ वैशाख २३ का दिन एम्नेस्टीका अन्तर्राष्ट्रिय सचिवालयका अनुसन्धानकर्ता र एम्नेस्टी नेपालका प्रतिनिधिले श्रममन्त्री गोकर्ण बिष्टलाई उहाँको कार्यकक्षमा भेटी मर्करी मिना कम्पनीका पीडित नेपाली आप्रवासी श्रमिकहरूलाई वैदेशिक रोजगार कोषबाट आर्थिक सहायता उपलब्ध गराउन अनुरोध गर्नुका साथै कतार सरकारलाई पीडित श्रमिकहरूलाई न्याय र क्षतिपूर्ति उपलब्ध गराउन कुटनीतिक दबाब सृजना गर्न अनुरोध गर्यो । उक्त भेटमा मन्त्री बिष्टले आप्रवासी श्रमिकहरूको सवालमा "सिस्टेमिकचेन्ज" का लागि प्रयासहरू थालनी गरिएको र खासगरी गन्तव्य मुलुकका सरकारहरूसँग सुधारित द्विपक्षीय श्रम सम्झौता गरी कार्यान्वयनमा अघि बढ्ने तयारी रहेको जानकारी गराउनुभयो। मर्करी मीना लगायत आप्रवासी श्रमिकहरूको आम सवालमा सुधारका लागि एम्नेस्टीद्वारा व्यक्त सुझावका लागि मन्त्रीले धन्यवाद पनि व्यक्त गर्नुभयो। साथै मर्करी मीना कम्पनीको पीडित श्रमिकहरूको सवाललाई लिएर श्रम मन्त्रालयका उपसचिव, वैदेशिक रोजगार विभागका महानिर्देशक, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशकसँग पनि भेटघाट गरिएको थियो।

## २.२.४. वैदेशिक रोजगार प्रक्रिया र आप्रवासी श्रमिकका हकअधिकारसम्बन्धी अध्ययनको क्रममा जनकपुर र राजबिराज भ्रमण

एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयको आप्रवासी श्रमिक र शरणार्थी एकाइका आप्रवासी श्रमिकसम्बन्धी अनुसन्धानकर्ता र एम्नेस्टी नेपालका कर्मचारीले वैदेशिक रोजगार प्रक्रिया र आप्रवासी श्रमिकका हकअधिकारसम्बन्धी अध्ययनका लागि २०७६ वैशाख २६ देखि ३१ सम्म जनकपुर र राजबिराजको भ्रमण गरेका थिए। सो क्रममा ४५ जना आप्रवासी श्रमिकहरूसँग अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ता गरिएकाहरूमध्ये धेरैजसो विदेशमा काम गरेर फर्केका श्रमिकहरू थिए । यस भ्रमणले एमनेस्टीलाई आप्रवासी श्रमिकहरूका वर्तमान समस्याका बारेमा *अपडेट* गराएको थियो ।





*एम्नेस्टी टोली फर्किएका आप्रवासी श्रमिकहरूसँग कुरा गर्दै*

## २.२.५. आप्रवासी श्रमिकहरूको पुनर्एकीकरणसम्बन्धी अन्तर्क्रियात्मक मञ्च आयोजना



मिति २०७६ असार २६ र २७ गते पोखरामा एम्नेस्टी नेपालले प्रवासी नेपाली समन्वय समिति (पिएनसिसि) सँगको संयुक्त सहकार्यमा पुनएर्कीकरणसम्बन्धी अन्तर्क्रियात्मक मञ्च आयोजना गरेको थियो । उक्त कार्यक्रममा सङ्घीय प्रतिनिधि सभाको “उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समिति”का सदस्य प्रकाश रसाइली “स्नेही” र विष्णुकुमारी बिक प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा करिब २० जना आप्रवासी श्रमिकहरू, विभिन्न स्थानीय सरकारका प्रतिनिधिहरू, पोखरा महानगरपालिका कार्यालयका प्रतिनिधिहरू, वडाका अध्यक्षहरू, पत्रकार, पिएनसिसि र एम्नेस्टीका पदाधिकारी तथा कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रको समापनमा पुनर्एकीकरणसम्बन्धी “पोखरा घोषणपत्र” पनि जारी गरिएको थियो ।सो घोषणापत्रमा पुनर्एकीकरण कार्यक्रम संचालन गर्दा प्रवासी श्रमिकहरूको ईच्छा र निर्णयको सम्मान गर्दै उनीहरूको शारीरिक, मानसिक, आर्थिक, सामाजिक र मनोसामाजिक आवश्यकताहरूको सम्बोधन गर्नु पर्ने जस्ता सुझावहरू रहेका छन् । कार्यक्रमबारे थप जानकारीका एम्नेस्टी पेजमा यहाँ हेर्नुहोला http://amnestynepal.org/campaigns/ai-nepal-activities/an-interactive-forum-on-the-reintegration-of-the-returnee-migrant-workers-held-in-pokhara.html ।

उक्त सन्दर्भमा पिएनसिसिका महासचिव र एम्नेस्टी नेपालका अभियान संयोजकले नेपाली आप्रवासी श्रमिकहरूको मानवअधिकार अवस्था र स्वदेश फिर्तापछिको उनीहरूको पुनर्एकीकरणको अवस्थाका बारेमा पोखराको रेडियो सफलतासँग अन्तर्वार्ता दिनुभएको थियो । उक्त अन्तर्वार्ता यहाँ (https://www.facebook.com/radiosafalta/videos) सुन्न सक्नुहुन्छ ।

## २.३. खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन २०७५ माथि एम्नेस्टीको विश्लेषण सार्वजनिक

एम्नेस्टी इन्टरनेसनलले खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐनलाई विश्लेषण गरी यसका सकारात्मक र सबल पक्षहरूको प्रशंसा गर्दै तथा यस ऐनमा रहेको कमजोरीहरूलाई औंल्याउँदै नेपाल सरकारलाई यो कानुनलाई अझ थप सुदृढ पार्न तथा यस कानुनमा रहेका प्रावधानका बारेमा जनचेतना फैलाउन, आवश्यक नियमावलीहरू शीघ्र तर्जुमा गरी कानुन कार्यान्वयन गर्न सुझाव राख्दै एक टिप्पणी तथा सुझाव पत्र तयार पारेको थियो। सो सुझाव पत्रलाई २०७५ चैत्र २१ मा एक कार्यक्रम आयोजना गरी सार्वजनिक गरेको थियो।

# Plenty of work remains to end hunger by 2025: Amnesty report

'If the government of Nepal wants to ensure that no one goes hungry in the country, it must strengthen the law.'

**TSERING D GURUNG**
KATHMANDU, APRIL 4

Nepal needs to amend its law on food rights if it is to fulfil its commitment to end hunger by 2025, according to a new report by Amnesty International.

The report, which was made public on Thursday, presents a detailed analysis of the Right to Food and Food Sovereignty Act, enacted last September in order to implement the rights relating to food guaranteed under the Constitution. According to Article 36 of the Constitution, every citizen has the right to be safe from the state of being in danger of life from the scarcity of food, and every citizen has the right to food sovereignty in accordance with law.

While the report describes the Act's enactment as an "important step forward towards making the right to food a reality", it notes there are several issues in the Act which needs to be addressed by the government for the right to adequate food to be fully realised by everyone in the country. "If the government of Nepal wants to ensure that no one goes hungry in the country, it must strengthen the law," Biraj Patnaik, South Asia Director at Amnesty International, said in a statement. "The mechanisms, such as the rules and regulations, need to be crafted in a way that makes the right to food a reality for all."

The report presents recommendations under 16 different topics, covering a range of issues such as increasing scope of legal protection to ensure that the right to food is extended to non-citizens; amending the Act to require an inquiry into any deaths resulting from starvation; and guaranteeing accountability against breach of duty to prevent starvation.

Many of the recommendations touch upon protecting the right to food sovereignty of people, particularly those from indigenous and marginalised communities.

"Steps should be taken to prohibit public authorities from interfering with people's efforts to feed themselves," one of the recommendations states. "This means halting the eviction of people from their lands and allowing people to fish and collect their own resources from forests. The law, in its current form, provides no protection to the people who do."

Additionally, the report recommends including a provision in the Act to guarantee the rights of indigenous peoples to "free, prior and informed consent regarding national parks and other protected areas proposed on their lands, and to restitution or compensation in cases where displacement has previously occurred as a result of such initiatives."

Other recommendations include defining the right to food as well as other key terms in line with internationally recognised definitions, establishing specialised food councils at all three levels of government, and creating separate administrative or quasi-judicial mechanisms to manage the grievances of the people.

"Denial of economic, social and cultural rights, including freedom from hunger, were recognised as root causes of the decade-long conflict," said Raju Chapagai, researcher with the organisation who helped prepare the report. "Effectively addressing the situation of hunger, malnutrition and food insecurity--including through this law--would therefore contribute in securing sustainable peace and development in the country. If unaddressed, there is always a likelihood for them to contribute in causing any type of social unrest in future."

Nepal currently ranks 72nd out of 119 countries in the Global Hunger Index (GHI) which scores countries based on an assessment of the progress and setbacks they have incurred in combating hunger. Over 50 percent of the country's households is food insecure, according to 2016 National Demographic and Health Survey. Nearly two million people are considered undernourished. Stunting among children under five is 36 percent and about 53 percent of children under five are anaemic. "Without addressing these weaknesses of the Right to Food and Food Sovereignty Act, and consulting the appropriate stakeholders, Nepal will not be able to bring the estimated two million people out of malnutrition in the country," said Patnaik.

Right to Food was first recognised as an international human right in the Universal Declaration of Human Rights in 1948. In 1966, the International Covenant on Socio, Political and Economic Rights endorsed Right to Adequate Food. Since then, several other international conventions have endorsed this as a fundamental right.

As a party to several international human rights treaties including the International Covenant on Economic, Social, Cultural Rights, Nepal is obligated to take appropriate steps to ensure the realisation of the right to food by all. "The government has used the enactment of the Act to pat itself on the back and have presented it at several international platforms as proof of its commitment to ensuring the right to food for all," said Basanta Adhikari, executive director of Justice and Rights Institute (JuRI)-Nepal during the event. "But the reality on the ground is that it has not brought any difference in the lives of ordinary Nepalis as was evidenced in the aftermath of the windstorm in Bara and Parsa earlier this week."

# Right to food sovereignty still a far cry

Ram Kumar Kamat
*Kathmandu, May 1*

More than three-and-a-half years after right to food and food sovereignty was guaranteed in the constitution, rules and directives that could facilitate the enforcement of these constitutional rights detailed in Right to Food and Food Sovereignty Act have not been formulated. This means citizens won't be able to enjoy their right to food and food sovereignty as per the spirit of the constitution.

Executive Director of Justice and Rights Institute-Nepal Basanta Adhikari said people waited for three years to see the enactment of Right to Food and Food Sovereignty Act, now they have to wait more to see the formulation of rules and directives that can facilitate implementation of the act. Adhikari said the act provisioned for identifying families that were at risk of starvation, but that could not be done in the absence of rules and directives.

The act uses the phrase 'as prescribed' in many of the sections and sub-sections of the act and unless rules and directives are formulated, those provisions cannot be enforced, he added.

Spokesperson for the Ministry of Agriculture and Livestock Development Tej Bahadur Subedi said his ministry had just started drafting rules but he failed to give a clear timeline for the completion of the process. "There are multiple government agencies that need to play their role to implement this act and we are yet to consult all the stakeholders," he added. Subedi said his ministry could decide whether it needed to formulate directives only after framing relevant rules.

Agriculture campaign for food activist Krishna Paudel said right to food sovereignty meant the government should put in place mechanisms and infrastructure to protect local seeds, provide subsidy to farmers, increase agro products and make available enough organic fertilisers in the market, but the government had not done anything in that regard yet.

Director of Amnesty International-Nepal Nirajan Thapaliya said if the act had to be brought on par with international human rights laws that Nepal was party to, it should be amended to broaden the scope of right to food and food security, including the meaning of some words used in the act.

Adhikari and Thapaliya said many genuine peasants would not qualify for agriculture subsidy or other such benefits, as the act defined peasants as only people who continuously worked as peasants for six months. "Few farmers continuously work for six months in their farm land," Adhikari said. He added that majority of peasants worked for less than six months as their landholdings were small.

He said the act envisaged National Food Security Council, but if such a mechanism was formed under rules, its autonomy could be compromised.

Section 4 of the act provides for prevention and control of starvation.

Thapaliya said the act stipulated that the government took measures to control starvation. "It is the government's duty to prevent starvation. The government cannot shirk its responsibility by taking measures to control starvation," he argued.

Thapaliya said the act failed to ensure that if anybody died due to starvation, the government authority concerned should be punished for not preventing death from hunger. He said the act did not incorporate provisions whereby starvation death could be investigated.

यससम्बन्धी केही मिडिया कभरेजहरू यस प्रकार रहेका छन् :

1. The Kathmandu Post: https://epaper.ekantipur.com/files/epaper/kathmandupost/pdf/2019-04-05_73573afc10338521a7c9/large/page-3.jpg
2. Radio Kantipur: https://radiokantipur.com/news/2019-04-04/20190404081700.html
3. Sagarmatha TV : https://sagarmatha.tv/2019/04/04/17882/
4. The Himalayan Times : http://epaper.thehimalayantimes.com/infinity/article_popover_share.aspx?guid=150e61c5-0148-40d4-953c-6aa863147edb
5. The Rising Nepal: http://therisingnepal.org.np/epaper/showimage?img=uploads/epaper/2019-04-04/c975ad932b76a507c11d6619340dd6dd.jpg
6. News 24: https://www.news24nepal.tv/2019/04/04/501180
7. Arthik Abhiyan: http://www.abhiyan.com.np/?p=331605
8. Hamrakura: https://hamrakura.com/news-details/59506/2019-04-05
9. Dainiki: https://www.dainiki.com/46382/
10. Sanghu News: http://www.sanghunews.com/news-details/12939/2019-04-04
11. Aajako Khabar: http://aajakokhabar.com/2019/04/03/11195/
12. Image Khabar: http://www.imagekhabar.com/news/13955/-
13. Mega Online TV
14. Gokarna News.com: http://gokarnanews.com/2019/04/05/64621/
15. South Asia Time.com: https://www.southasiatime.com/2019/04/04/hunger-was-one-of-the-root-causes-of-nepals-decade-long-internal-conflict-right-to-food-law-must-be-enforced-to-end-hunger-amnesty/
एम्नेस्टी इन्टरनेसनल नेपाल र एम्नेस्टी इन्टरनेसनल नेपाल आबद्ध समूह १८ काठमाडौंद्वारा कात्तिक ७ गते संयक्त रूपमा नेपालको केन्द्रीय कारागारको पुस्तकालयका लागि विभिन्न शीर्षकका १८२ वटा पुस्तकहरू र १८८ वटा एम्नेस्टीको प्रतिवेदन र प्रकाशनहरू प्रदान गरिएको थियो । एम्नेस्टी इन्टरनेसनल नेपालका संस्थापक नुतन थपलिया र अध्यक्ष बिक्रम ढुकुछुले पुस्तक र प्रकाशनहरू केन्द्रीय कारागारका अधिकारीहरूलाई हस्तान्तरण गर्नुभएको थियो । केन्द्रीय कारागारलाई प्रदान गरीएका प्राय नेपाली भाषाका पुस्तकहरू साहित्य, आख्यान, गैर आख्यान, इतिहास, संस्कृति, राजनीति, धर्म, समाजशास्त्र, मानवअधिकार, कानुन आदि शीर्षकहरूमा रहेका थिए भने एम्नेस्टी इन्टरनेसनलका मानवअधिकारसम्बन्धी अनुसन्धान प्रतिवेदनहरू तथा प्रकाशनहरू पनि थिए ।

## ७.६. इमेज न्युज एफएम १०३ मेगाहर्जमा अन्तर्वार्ता

मिति २०७५ पुस १ गते इमेज न्युज एफएम १०३ मेगाहर्जबाट प्रशारण हुने मध्यान्तर कार्यक्रममा एम्नेस्टी नेपालका निर्देशकले मानवअधिकारका समसामयिक विषयवस्तुहरूमाथि प्रस्तुति राख्दै टेलिफोन अन्तर्वार्ता दिनुभएको थियो । उक्त अन्तर्वार्ताको यहाँ सुन्न सकिन्छ https://www.youtube.com/watch?v=12Z_fGnP8OE

## ७.७. ह्युमन राइट्स् म्याग्नामिटमा सहभागिता

एम्नेस्टी नेपालले सधैझैं यसपालि पनि मानवअधिकार महाभेलामा सहभागिता जनायो । डिसेम्बर ८ मा भएको उद्घाटन कार्यक्रम र डिसेम्बर १४ मा भएको समापन कार्यक्रममा एम्नेस्टी नेपालले कार्यक्रमस्थल स्टाफ कलेज जाउलाखेलको प्राङ्गणमा राइट फर राइट्स स्टल राखेको थियो । एम्नेस्टी नेपाल आबद्ध युथ नेटओर्कका सदस्यहरूले उक्त स्टलमा कार्यक्रममा उपस्थित व्यक्तित्वहरूलाई पत्रलेखन कार्यक्रममा सहभागिता जनाउन सहयोग गरेका थिए




## ७.८. १०९ औं अन्तर्राष्ट्रिय महिला दिवस

१०९ औं अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) का अवसरमा स्थानीय स्तरमा अभियानात्मक गतिविधि गर्न समूह तथा युथ  नेटवर्कहरूलाई एक्सन सर्कुलर पठाइएको थियो। एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालय, लण्डनले यस वर्षको महिला दिवसमा महिला मानवअधिकार रक्षकहरूलाई विशेष प्राथमिकता दिने निर्णय गरे अनुरूप एम्नेस्टी नेपालले पनि यसैमा केन्द्रित रहेर अभियानात्मक कार्यक्रमहरू गरेको थियो जसको विवरण निम्न अनुसार छ :

| समूह /युथ नेटवर्क | कार्यक्रम |
|---|---|
| समूह ८०, काठमाडौं | सामाजिक संजाल र महिला हिंसा विषयमा कविता वाचन कार्यक्रम |
| पक्लीहवा युथ नेटवर्क, भैरहवा | महिला हिंसा सम्बन्धी चित्रकला प्रतियोगिता र प्रदशनी र महिला क्रिकेट प्रतियोगिता |
| निर्माणाधिन समुह, बैतडी | देउडा  मार्फत महिला हिंसा न्यूनीकरणका लागि सन्देश |
| कृषि क्याम्पस युथ नेटवर्क, लम्जुङ | घरेलु हिंसा र छाउपडी प्रथा सम्बन्धी सडक नाटक |
| फरेस्ट्री युथ नेटवर्क र समूह ६७, हेटौडा | अन्तर्क्रिया कार्यक्रम |
| रामपुर युथ नेटवर्क, चितवन | र्‍याली आयोजना गरी क्याम्पस र रामपुर परिक्रमा गरेको, गोप्य तवरले संकलित महिला हिंसा सम्बन्धी घटनाहरूको वाचन गरिएको |
| धुलाबारी युथ नेटवर्क र समूह २२, झापा | प्यानल छलफल |
| जोसेफ युथ नेटवर्क, काठमाडौं | महिला हिंसा सम्बन्धी कलात्मक कार्यक्रम |

| | |
|---|---|
| सेन्ट्रल क्याम्पस अफ टेक्नोलोजी युथ नेटवर्क, धरान | महिला फुटबल प्रतियोगिता आयोजना गरेको |
| समूह ४१, समूह ११ र समूह ७३ , विराटनगर | दीप प्रज्वलन |
| खैरानी युथ नेटवर्क (प्रस्तावित नेटवर्क), रामपुर | दीप प्रज्वलन |
| बनेपा युथ नेटवर्क र समूह ४३, काभ्रे | छलफल कार्यक्रम |
| समूह ६९, सुर्खेत | महिला सम्मान तथा अन्तर्क्रिया कार्यक्रम |
| समूह ९, मलंगवा | र्याली आयोजना |
| समूह ४२, गोर्खा | अन्तर्क्रिया कार्यक्रम |




एम्नेस्टी नेपालले केन्द्रमा भने सो दिवसका सन्दर्भमा दोस्रो पुस्ताका महिला मानवअधिकार रक्षकहरूलाई उहाँहरूको साहसिक र अनुकरणीय कामको सहाना गर्दै सम्मान गरेको थियो। सम्मानित हुने महिला मानवअधिकार रक्षकहरूमा द्वन्द्व, आप्रवासन, मनोरन्जन, व्यवसाहिक यौन, यौन तथा प्रजनन, LGBTIQ, मानवबेचबिखन लगायत क्षेत्रमा लामो समय देखि काम गर्ने १८ जना हुनुहुन्थ्यो। कतिपय महिलाहरू पीडितबाट अभियन्तामा रूपान्तरण भई राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याती कमाउने चरिमाया तामाङ्ग जस्ता अभियन्ताहरू पनि हुनुहुन्थ्यो । साथै सो दिवस पारेर बलात्कारको घटनामा उजुरी हाल्ने हदम्यादको समय हटाउनेबारे Appeal भिडियो (https://www.facebook.com/amnesty.nepal/videos/413245179223544/) बनाई सबैलाई अनलाइन पेटिसनमा हस्ताक्षर गर्न उत्प्रेरित गरिएको थियो । महिला दिवसकै दिन पारेर एम्नेस्टीको दक्षिण एसिया क्षेत्रीय कार्यालयले दक्षिण एसियाका विभिन्न मुलुकका महिला मानवअधिकार रक्षकहरूको प्रोफाइलिङ्ग गरेको थियो जसमा नेपालबाट चरीमाया तामाङ् समावेश हुनुभएको थियो ।

## ७.९. विश्व प्रेस स्वतन्त्रता दिवसका सन्दर्भमा प्रेस वक्तव्य जारी

विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा एम्नेस्टी नेपालले प्रेस स्वतन्त्रताको माग गर्दै मिति २०७६ वैशाख १९ मा विज्ञप्ति जारी गरेको थियो । उक्त वक्तव्यमा एम्नेस्टी नेपालले नेपाल सरकारलाई कानुन र अभ्यास दुवैमा प्रेस स्वतन्त्रता सुनिश्चित गरेर पत्रकारका लागी उनीहरूको पेशा अभ्यास गर्न स्वन्तन्त्र र स्वायत्त वातावरण सुनिश्चित गर्न आग्रह गरेको थियो ।सो वक्तव्यको मिडिया कभरेजहरू निम्न छन् :

- khabarnepal.com https://npkhabar24.com/archives/63082
- Newsabhiyan http://www.newsabhiyan.com.np/news-details.php?nid=170120
- Setopati https://setopati.net/social/145580
- Khabarhub.com https://english.khabarhub.com/2019/02/17677/
- dcnepal.com http://www.dcnepal.com/press-freedom-1.html
- Baarakhari.com https://www.baahrakhari.com/news-details/193087/2019-05-02
- Avenues tv online
  http://avenues.tv/news/प्रेस-स्वतन्त्रता-सुनिश/

- Nepal 24 Hours.com [https://www.nepal24hours.com/amnesty-international-demands-guarantee-of-press-freedom-in-nepal/](https://www.nepal24hours.com/amnesty-international-demands-guarantee-of-press-freedom-in-nepal/)
- MyRepublica [https://myrepublica.nagariknetwork.com/news/ai-nepal-urges-for-guaranteeing-freedom-of-expression/](https://myrepublica.nagariknetwork.com/news/ai-nepal-urges-for-guaranteeing-freedom-of-expression/)
- The Himalayan Times [http://epaper.thehimalayantimes.com/infinity/article_popover_share.aspx?guid=ed1778f6-d2d2-425d-a65d-bc23158e45d2](http://epaper.thehimalayantimes.com/infinity/article_popover_share.aspx?guid=ed1778f6-d2d2-425d-a65d-bc23158e45d2)

विश्व प्रेस स्वन्तन्त्रता दिवसको सन्दर्भमा स्थानीय समूह र युथनेटवर्कबाट भएका केही एक्सनहरूको तस्वीरहरू :







## ७.१०. एम्नेस्टी दिवसका अवसरमा विज्ञ छलफल




एम्नेस्टी इन्टरनेसनलको अन्ठाउन्नौं वार्षिक कार्यक्रमका सन्दर्भमा मे २८ (जेष्ठ १४) मा "Current State of Civil Liberties and Fundamental Freedom in Nepal" शीर्षकमाप्यानल छलफल कार्यक्रम आयोजना गरिएको थियो । नागरीक समाज, मिडिया, अन्तर्राष्ट्रिय समुदाय र सरकारी संस्था लगायत क्षेत्रहरूका प्रतिनिधीहरू कार्यक्रममा सहभागी भएका थिए । प्यानलका वक्ताहरूमध्ये सङ्घीय संसदका कानुन, न्याय तथा मानवअधिकारको संसदीय समितिका सभापति माननीय कृष्णभक्त पोखेल, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य माननीय मोहना अनसारी, एलाएन्स फर सोसल डाइलगका कार्यकारी निर्देशक हरी शर्मा, प्रतिष्ठित राजनीतिक विश्लेषक तथा समिक्षक सी. के. लाल र नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य हुनुहुन्थ्यो । छलफल कार्यक्रमलाई घटना र विचारका सम्पादक बबिता बस्नेतले संचालन गर्नुभएको थियो । प्यानल छलफलमा सहभागी वक्ताहरूले हाल संसदमा प्रस्तुत गरिएका विधेयकहरूमाथि नागरीक समाज तथा मिडियाको चर्को आलोचना भइरहेको र यससम्बन्धी मानवअधिकारका विषयहरूबारे आफ्ना धारणा राखेका थिए । विवादास्पद विधेयकहरूले व्यक्तिगत स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता र राष्ट्रिय मानवअधिकार आयोगको स्वायत्ततालाई कुण्ठित गर्ने जस्ता सहभागीहरूका धारणाको प्रतिउत्तरमा माननीय कृष्णभक्त पोखरेलले नागरीक स्वाधीनता र आधारभुत स्वतन्त्रताको उल्लङ्घन हुने कुनै किसिमको विधेयक पारित नहुने आश्वासन दिनुभएको थियो । यस कार्यक्रमबारे थप जानकारीका लागि एम्नेस्टी नेपालको वेबपेज (https://amnestynepal.org/activites/58th-anniversary-of-amnesty-international-marked-by-panel-discussion-on-current-pressing-issues-in-nepal/) मा उपलब्ध छ।

सो कार्यक्रमको मिडिया कभरेज यो लिङ्कमा (https://kathmandupost.com/valley/2019/05/29/call-for-civil-society-to-wake-up-from-slumber) उपलब्ध छ ।

एम्नेस्टी दिवसका अवसरमा स्थानीय स्तरमा गरिएका गतिविधिका केही झलकहरू :



Call for civil society to wake up from slumber

TSERING D GURUNG
KATHMANDU, MAY 28

Nepal's civil society needs to wake up from its slumber, overcome partisan divisions, and start actively protesting the government's attempts to pass draconian laws in order to ensure that the country doesn't slip into becoming an authoritarian regime, said panelists at a programme organised to discuss the situation of individual freedom.

The programme was hosted by Amnesty International on the occasion of its 58th anniversary. Panelists included lawmaker Krishna Bhakta Pokhrel, political analysts Hari Sharma and CK Lal, National Human Rights Commission member Mohna Ansari, and Govinda Acharya, president of the Federation of Nepali Journalists.

"We're concerned about the way the government has been drafting a series of laws without any consultation," said Nirajan Thapaliya, director of Amnesty International Nepal, explaining why the organisation decided to host the discussion. "This goes against the very essence of democracy."

In the past few months, the KP Sharma Oli administration has rushed through several important bills including the Information Technology Act, the Media Council Act, and the National Human Rights Commission amendment bill, without consultation with the stakeholders.

At the programme, Krishna Bhakta Pokhrel, who chairs the Committee on Law in the Parliament, admitted most bills in Nepal are drafted without the participation of stakeholders and the general public, but assured those in attendance that he and his fellow lawmakers were open to suggestions, feedback and required amendments to any draft bills. "I assure you we will not pass any law that will infringe upon your freedom," Pokhrel said in response to an audience member's comment about how some of the bills seem designed to undermine freedom of expression. "Continue writing, you will not have to fear being arrested. If you get arrested, I'll join you."

The government has received widespread criticism for the bills that advocates say have been designed to curtail freedom of expression and give more control to the state.

In February, the Ministry of Communication and Information Technology tabled the IT Management bill, which insiders say, was completely different to the one they were shown.

Earlier this month, the government quietly moved the Media Council bill, which will replace the existing Press Council Act, bypassing a critical consultation phase with stakeholders and the public.

Even when stakeholders were consulted, their suggestions were dismissed. "We were asked to present our recommendations to the bill which we did," said Ansari. "But they were all ignored."

As with the other bills in question, the government's draft of NHRC bill has been criticised for undermining the rights body's authority. As per the draft bill, the commission will have to recommended the cases it has investigated to the attorney general.

"The state likes to think it can fool the public," said CK Lal. "It's the public's responsibility to prove to the state that they are not fools."

Hari Sharma voiced similar sentiment. "The civil society needs to wake up from its slumber. We can't afford to stay idle, our duty as citizens doesn't end with only voting in the elections."










## ७.११. यातनाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा प्रेस वक्तव्य जारी

यातना पीडितको लागि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय सहयोग दिवस २६ जुनको सन्दर्भमा एम्नेस्टी नेपालले दक्षिण क्षेत्रीय कार्यालय (सारो) सँगको सहकार्यमा अङ्ग्रेजी (http://amnestynepal.org/campaigns/ai-nepal-activities/Statement-on-UN-International-Day-in-Support-of-Victims-of-Torture.html) र नेपाली (http://amnestynepal.org/campaigns/ai-nepal-activities/यातनापीडितको-सहयोगका-लागि-संयुक्त-राष्ट्रसङ्घीय-अन्तराष्ट्रिय-दिवसका-सन्दर्भमा-जारी-प्रेस-विज्ञप्ति.html) दुवै भाषामा यातनालाई अपराधिकरण गर्न तथा पीडितहरूलाई न्याय प्रदान गरी दण्डहीनता अन्त्य गर्न सरकारलाई आह्वान गर्दै प्रेस वक्तव्य सार्वजनिक गरेको थियो ।

1. नागरिक न्युज : https://nagariknews.nagariknetwork.com/news/८१३४३/
2. नेपाल समयः https://nepalsamaya.com/news/14744
3. चार दिशाः http://chardisha.com/12840/

4. दी हिमालयन टाइम्सः https://thehimalayantimes.com/kathmandu/rights-groups-to-protest-death-sentence-for-drug-offenders-at-sri-lankan-embassy/
5. https://www.southasianrights.org/?p=12420

## ७.१२. राष्ट्रिय मानवअधिकार आयोगको स्वायत्तता र स्वतन्त्रताको सम्मान गर्न आग्रह गर्दै लेख प्रकाशन

नेपाल सरकारद्वारा यस आ.व. २०७५/७६ मा प्रस्तुत गरेको केही विवादास्पद विधेयकहरूमध्ये राष्ट्रिय मानवअधिकार आयोगक ऐन संशोधन विधेयक पनि एक रहेको थियो । उक्त विधेयकका कतिपय प्रावधानहरूले मानवअधिकारका विषयवस्तुमा स्वतन्त्र र निष्पक्ष ढङ्गबाट काम गर्ने संवैधानिक आयोगलाई कमजोर बनाउन सक्ने तथा राष्ट्रिय मानवअधिकार संस्थाहरूसम्बन्धी अन्तर्राष्ट्रिय पेरिस सिद्धान्तको समेत प्रतिकूल हुने कुरालाई मध्यनजर गरी सरोकारवालाहरूको भावनालाई हृदयङ्गम गरी विधेयकमा आवश्यक संशोधन गर्नु उपयुक्त हुने तर्क गर्दै एम्नेस्टी दक्षिण एसियाका रिसर्चर राजु प्रसाद चापागाईं र एम्नेस्टी नेपालका निर्देशकले गत जेठमा एक संयुक्त लेख प्रकाशन गरेका थिए । उक्त लेख यहाँ हेर्न सकिन्छ : https://ekantipur.com/opinion/2019/05/20/155831854710447961.html



kantipurdaily.com | ६ दृष्टिकोण

# मानव अधिकार र सरकार

राजुप्रसाद चापागाईं

नीराजन थपलिया

मानव अधिकार आयोग ऐन सम्बन्धी संशोधन विधेयक फिर्ता गरी आयोग तथा अन्य सरोकारवाला–सँगको परामर्शमा परिमार्जन गरेर पुनर्दर्ता गर्ने दिशामा सरकार लचिलो हुनुपर्छ । यसलाई प्रतिष्ठाको विषय बनाउनु हुँदैन ।

संविधान जारी भएको ४२ महिनापछि सरकारले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ संशोधनका लागि संसदमा विधेयक दर्ता गराएको छ । प्रस्तावित संशोधनले मानव अधिकार उल्लंघनकर्ताविरुद्ध मुद्दा चलाउन गरेका सिफारिसको कार्यान्वयनलाई महान्यायाधिवक्ताको तजबिजको विषय बनाएको तथा विकेन्द्रित अवस्थामा रहेको आयोगलाई काठमाडौंमा खुम्च्याउन खोजेको छ । आयोगको स्वायत्तता र स्वतन्त्रतामा दक्खल पुर्‍याउन थालिएको यो प्रयासलाई सरकारी अकर्मण्यताका कारण बल्झिँदै गएको सङ्क्रमणकालीन न्याय प्रक्रियासँग जोडेर पनि हेरिएको छ । सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनमा संशोधनको अभिभारा थाती राखेको सरकारले परामर्शबिने त्रुटिपूर्ण प्रावधान राखेर संशोधन विधेयक दर्ता गर्नुले आशङ्का जन्माएको छ ।

पछिल्लो समय विधेयकको आलोचनाले संसदभित्र पनि प्रवेश पाएको छ । सरकारको नीति तथा कार्यक्रम, २०७६ माथिको छलफलका क्रममा विपक्षी दलका सांसदहरूले यस सम्बन्धमा गम्भीर सरोकार व्यक्त गरेका छन् । जवाफमा आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सम्मान गरिने प्रतिबद्धता प्रधानमन्त्रीले जनाएका छन् । तर विधेयकमाथिका गम्भीर सरोकारहरूलाई सरकारले कसरी सम्बोधन गर्छ ? के ऊ विधेयक फिर्ता लिएर आयोग एवं अन्य सरोकारवालासँगको परामर्शमा नयाँ परिमार्जित विधेयक दर्ता गर्न तयार होला ? अथवा, विद्यमान विधेयकमा सुधार र परिमार्जन गरेर पारित गर्ने दिशामा अगाडि बढ्ला ? यी प्रश्न अनुत्तरित नै छन् ।

संशोधन विधेयकमा केही राम्रा कुरा नभएका होइनन् । विधेयकले उजुरी तामेलीमा राख्दा वा खारेजी गर्दा त्यसो गर्नुपर्ने कारण सहितको प्रतिवेदन तयार गर्न कुनै सदस्यलाई जिम्मेवारी दिन सकिने व्यवस्था गरेको छ । क्षतिपूर्तिका लागि सिफारिस गर्ने आयोगको अधिकारलाई केही हदसम्म फराकिलो पार्न खोजिएको छ । आर्थिक क्षतिपूर्तिका अतिरिक्त आयोगले पीडितको पुनरुद्धार र पुनःस्थापनाका लागि सिफारिस गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

तथापि संशोधन विधेयकका मूलभूत प्रावधानमा गम्भीर त्रुटिहरू छन् । प्रस्तावित दफा १६(क) मा फौजदारी अभियोजनका लागि मुद्दा चलाउने सन्दर्भमा गरिएका प्रावधान संविधान, सर्वोच्च अदालतको नजिर र स्थापित अन्तर्राष्ट्रिय सिद्धान्तप्रतिकूल छन् । मानव अधिकार अपराधमा संलग्नलाई मुद्दा चलाउनुपर्ने गरी संवैधानिक कार्यादेश बमोजिम आयोगले गरेको निर्णयमाथि महान्यायाधिवक्ता हावी हुने अवस्था छ । आयोगले मुद्दा चलाउन आवश्यक ठहर गरिसकेपछि महान्यायाधिवक्ताले थप अनुसन्धान गर्न भन्दै फाइल पुनः आयोगमै फिर्ता पठाउने तथा मुद्दा चलाउने वा नचलाउनेबारे तजबिज प्रयोग गर्ने व्यवस्था गरिएको छ । सामान्यतया अभियोजनको अन्तिम अधिकार महान्यायाधिवक्तामा निहित हुने संवैधानिक परिपाटी रहेकामा विवाद छैन । तर महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छामा नियुक्त वा बरखास्त हुने भएकाले उनको मातहतमा स्वतन्त्र अभियोजनको सम्भावना रहन नसक्ने यथार्थ घामजत्तिकै छर्लंग छ । विगतमा पनि मानव अधिकार उल्लंघनका कारण सिर्जित अपराधमा संलग्नलाई मुद्दा चलाउने सन्दर्भमा महान्यायाधिवक्ताको भूमिका सन्दिग्ध देखिएको छ । सुन्तली धामी तथा पत्रकार डेकेन्द्र थापा लगायतका मुद्दामा सर्वोच्च अदालतले नै हस्तक्षेप गर्नुपर्ने अवस्था आएको थियो । समर्थ संविधान एवं सर्वोच्च अदालतका न्यायिक निर्णयद्वारा वैध उद्देश्य र कारणले गर्दा मान्यता दिएका अपवादात्मक व्यवस्थालाई ऐन संशोधन गरेर लत्याउन मिल्दैन । यसो गर्दा आयोग अस्तित्वमा आउनुको अन्तर्निहित कारण नै परास्त हुन पुग्छ । आयोगको अनुसन्धान मूलतः मानव अधिकार सम्बन्धी अनुसन्धान हो । फौजदारी अनुसन्धानका आधारमा शंकारहित तवरले दोष स्थापित हुन सक्ने आधार भए मात्रै अभियोजन हुन सक्छ । त्यसका लागि केकस्तो प्रक्रियागत व्यवस्था ऐनमा गर्ने भन्ने बहसको विषय हुन सक्छ । तर आयोगबाट सिफारिस भएको विषयमा महान्यायाधिवक्ताले थप अनुसन्धान गर्न फाइल फिर्ता पठाउने कार्यले आयोगको संवैधानिक मानमर्दन हुने प्रस्टै छ । फौजदारी अनुसन्धान गरेर थप प्रमाण जुटाउन आवश्यक भए प्रहरीलाई जिम्मेवार बनाउन सकिन्छ । आयोगले सिफारिस गर्नुपूर्व नै फौजदारी अनुसन्धानको प्रक्रिया पूरा गर्ने गरी फौजदारी अनुसन्धानकर्तालाई संलग्न गराउनका लागि स्पष्ट कानुनी आधार सिर्जना गर्न सकिन्छ । यसका लागि मुलुकी फौजदारी कार्यविधि संहिता वा राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन गर्न सकिन्छ ।

ऐन संशोधन गरेर आयोगको विद्यमान विकेन्द्रित उपस्थितिमाथि बाधा सिर्जना गर्न सामान्य समझको आधारमा पनि मिल्ने होइन । हिजो राज्य एकात्मक थियो । आज संघीय छ । केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहका ७६१ वटा सरकार क्रियाशील छन् । तिनै तहले साझा शासन र स्वशासन गर्छन् । आफ्नो क्षेत्राधिकार अन्तर्गत कानुन बनाउन तथा कार्यान्वयन गर्न स्वायत्त छन् । जनतासँग ७६१ वटै सरकारले आ-आफ्नै तरिकाले अन्तरक्रिया गर्छन् । तीन तहमा राज्यशक्ति मात्रै विभाजित भएको होइन कि, मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व पनि विभाजित हुन पुगेको छ । यसकारण पनि हिजोभन्दा आज झनै मानव अधिकार आयोगको विकेन्द्रित उपस्थितिलाई प्रभावकारी बनाउन जरुरी छ । मानव अधिकार आयोगको जस्तै जिम्मेवारी निर्वाह गर्नसक्ने अरू निकाय पनि छैनन् । अरू आयोग विषयगत छन् । संविधान निर्माण प्रक्रियाका सन्दर्भमा पनि मौलिक हकको विस्तारसँगै त्यसप्रति राज्यलाई जवाफदेही बनाउन मानव अधिकार आयोगको उपस्थितिलाई प्रदेश र स्थानीय तहसम्म प्रभावकारी बनाउनुपर्ने आम जनताको माग थियो । संविधानले कहीं पनि त्यसो गर्न रोकेको छैन । संविधानले नै आयोगलाई प्रभावकारी बनाउन कानुन बनाएर थप व्यवस्था गर्न सकिने बाटो खोलेको छ । २०५३ को ऐनकै आधारमा आयोग स्थापना भएदेखि नै क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरू खोलेर आयोगले आफ्ना क्रियाकलाप सञ्चालन गर्दै आएको हो । आयोगको प्रभावकारी उपस्थिति आम नागरिकको दरकारको विषय हो । आयोगलाई काठमाडौंमा सीमित गर्दा यसको असमानुपातिक प्रभाव विपन्न, सीमान्तीकृत र जोखिममा रहेका जनतालाई नै पर्छ । उनीहरूको सहज कानुनी उपचार खोज्ने हकमाथि नै धक्का लाग्छ । यो संविधान बर्खिलापको कार्य हो । गैरन्यायिक उपचारमाथि आम जनताको पहुँचलाई खुम्च्याउने होइन, विस्तार गर्ने दिशामा सरकार अग्रसर हुनुपर्थ्यो । संघीय व्यवस्था लागू भएका सन्दर्भमा आयोगले प्रादेशिक तहमा कार्यालय खोलेर आफ्नो भूमिकालाई प्रभावकारी बनाउने उद्देश्यले आवश्यक दरबन्दी सहितको 'अर्गानोग्राम' गत वर्ष नै बुझाएको हो । तर त्यसप्रति सरकार अहिले नाजवाफ रहनु र एकाएक काठमाडौंबाहिर कार्यालय खोल्ने व्यवस्थालाई नै खारेज गर्ने प्रावधान राखेर विधेयक ल्याउनु काकतालीं मात्रै नहुन सक्छ ।

आयोगको प्रभावकारिताको आधार व्यवस्थापकीय तथा वित्तीय स्वायत्तता पनि हो । परिवर्तित सन्दर्भमा यसको दायरा बढाउनेभन्दा झनै थप अंकुश सिर्जना गरी संशोधन प्रस्तावित भएको छ । यसले राष्ट्रिय मानव अधिकार संस्थाहरू सम्बन्धी राष्ट्रसंघीय सिद्धान्त (पेरिस सिद्धान्त, १९९३) अनुकूल संशोधन गर्न राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी गठबन्धनले सुझाएविपरीत उल्टो प्रगतिलाई इङ्गित गर्छ । आयोग अन्य संवैधानिक निकायले जस्तो वर्षभरिको योजना एकै चोटि बनाई त्यसैमा सीमित भएर कार्यसम्पादन गर्ने निकाय पनि होइन । मानव अधिकारको विषय आफैंमा गतिशील छ । कति बेला आयोगको कुन हदसम्मको सक्रियता आवश्यक हुन्छ, यो पूर्वानुमान योग्य हुँदैन । मानव अधिकारको प्रभावकारी संरक्षणका लागि आयोगको अग्रसक्रियता जुनसुकै बेला आवश्यक पर्न सक्छ । सबै अवस्थामा आयोगका वित्तीय निर्णयलाई सरकारको सहमति र स्वीकृतिको अधीनस्थ राख्ने हो भने यसको स्वायत्तता र स्वतन्त्रता कोरा नारामा परिणत हुन्छ । आयोगले वित्तीय अनुशासन र पारदर्शिताका नियम, कानुनको परिपालना भयो-भएन भनेर महालेखाले परीक्षण गर्छ । संसदमा छलफल पनि हुन सक्छ । नागरिक समाज र मिडियामा बहस हुन सक्छ । तसर्थ अर्थ मन्त्रालयलाई जानकारी गराएर प्राथमिकताका आधारमा स्रोत जुटाउन सक्ने र वित्तीय अनुशासनमा रहेर खर्च गर्न सक्ने सवालमा ऐनले मार्गप्रशस्त गर्नैपर्छ ।

उक्त विधेयक फिर्ता गर्ने र आयोग तथा अन्य सरोकारवालासँगको परामर्शमा परिमार्जन गरेर पुनर्दर्ता गर्ने दिशामा सरकार लचिलो हुनुपर्छ । सरकारको प्रतिष्ठा त त्यति बेला बढ्नेछ, जब ऊ मानव अधिकारमैत्री हुनेछ । आयोगका सिफारिसको बन्धनकारिता कायम हुने, आयोगको विकेन्द्रित उपस्थितिलाई मार्गप्रशस्त गर्ने र वित्तीय स्वायत्तताका सिद्धान्तको पूर्णतः सम्मान हुने गरी उक्त विधेयकमाथि संशोधनका लागि सरकार तयार हुनुपर्छ ।

*चापागाईं एम्नेस्टी इन्टरनेसनलका दक्षिण एसिया अनुसन्धानकर्ता र थपलिया नेपाल शाखाका निर्देशक हुन् ।*

# खण्ड २
# संस्थागत गतिविधि

# ८. संस्थागत अवस्था र गतिविधि

## ८.१. समूह र युथ नेटवर्क

आर्थिक वर्ष २०७५/७६ को अन्त्यमा एम्नेस्टी नेपालमा आबद्ध समूहहरूको सङ्ख्या ७८ रहेको थियो भने निर्माणाधिन समूहहरूको सङ्ख्या तीन रह्यो । यस अवधिमा युथ नेटवर्कहरूको सङ्ख्या ४६ रहेको थियो । समूह र युथ नेटवर्क गरी ३८ जिल्लामा एम्नेस्टी नेपालको स्थानीय संरचनाहरू कार्यरत रहेका थिए ।

कुल ३८ जिल्लामा समूहहरू रहेका थिए भने १५ जिल्लामा युथ नेटवर्कहरूले एम्नेस्टी नेपालसँग आबद्धता लिएका थिए । *(समूह र युथ नेटवर्कको विवरण अनुसूची १ र २ मा दिइएको छ)*

## ८.२. सदस्यता

आ.व. वर्ष २०७५/७६ को अन्त्यसम्ममा एम्नेस्टी नेपालको **कुल सदस्य सङ्ख्या ७,४९७**[1] रहेको थियो । कुलमध्ये पुरुषको सङ्ख्या ४,४३८ र महिलाको सङ्ख्या ३,०४८ र अन्यको सङ्ख्या ११ रहेको छ । यो सङ्ख्या गत आर्थिक वर्षको अन्त्यमा ७,८८० रहेको थियो । एम्नेस्टी नेपालमा आबद्ध सदस्यहरूको तथ्याङ्कगत जानकारी ग्राफ/इन्फोग्राफिक्समा तल :




[1] यो तथ्याङ्क आर्थिक वर्ष २०७५/७६ को दोश्रो सप्ताहको सुरुआत अर्थात मिति २०७६ भाद्र २० गतेसम्मको रेकर्डमा आधारित छ । २८ औं साधारणसभाका लागि समूहहरूले आ-आफ्नो साधारण सभा सम्पन्न गर्नुपर्ने अन्तिम मिति भाद्र २० तोकिएकोले यस अवधिसम्मको तथ्याङ्कलाई समावेश गरिएको छ ।




AMNESTY INTERNATIONAL
AMNESTY INTERNATIONAL NEPAL SECTION

## PROVINCE WISE REPORT



| YOUTH NETWORKS | |
|---|---|
| PROVINCE | NUMBER OF NEWTOKS |
| 1 | 7 |
| 2 | 1 |
| 3 | 26 |
| 4 | 2 |
| 5 | 6 |
| 6 | 1 |
| 7 | 3 |
| TOTAL 46 | |



| GROUPS, GIF | |
|---|---|
| PROVINCE | NUMBER OF GROUPS |
| 1 | 21 |
| 2 | 10 |
| 3 | 23 |
| 4 | 9 |
| 5 | 9 |
| 6 | 2 |
| 7 | 7 |
| TOTAL 81 | |

## ८.३. राष्ट्रिय रणनीतिक लक्ष्य कार्यान्वयन

एम्नेस्टी नेपालको सन् २०१७ देखि २०२० अवधिको राष्ट्रिय रणनीतिक लक्ष्य (Strategic Goal) ले निर्देश गरेअनुसार वर्ष २०७५/७६ मा आफ्ना गतिविधिहरू अगाडि बढाइयो । उक्त रणनीतिक योजना कार्यान्वयनका लागि सचिवालयले नेसनल बोर्ड तथा अन्तर्राष्ट्रिय सचिवालयसँग निरन्तर समन्वय गर्ने काम गऱ्यो ।

## ८.४. वार्षिक साधारणसभा




यस संस्थाको २७ औं वार्षिक साधारण सभा २०७५ असोज ७ र ८ गते (२३ र २४ सेप्टेम्बर २०१८) चितवनको टाँडीमा सम्पन्न भयो । सभामा देशभर रहेका एम्नेस्टी नेपालमा आबद्ध समूहहरूमध्ये यस संस्थाको विधान र साधारणसभा सञ्चालन नियमावली अनुसार एम्नेस्टी नेपालको वार्षिक साधारणसभामा सहभागी हुन आवश्यक पर्ने आधार र प्रक्रिया पुगेका कूल ७५ मध्ये ७० वटा एम्नेस्टी नेपाल समूहबाट १३९ जना (३१ महिला र १०८ पुरुष) प्रतिनिधिको उपस्थिति रहेको थियो । यसका अलावा साधारणसभामा नेसनल बोर्ड तथा पुनरावेदन समितिका पदाधिकारीहरू, राष्ट्रिय सचिवालयका कर्मचारीहरू र आमिन्त्रत पर्यवेक्षकहरूको उपस्थिति रहेको थियो ।

### ८.४.१. उद्घाटन सत्र



एम्नेस्टी इन्टरनेसनल नेपालको २७ औं वार्षिक साधारण सभाको उद्घाटन असोज ६ गते टाँडीस्थित होटल स्टार ब्याङ्केटमा सम्पन्न भयो । पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा एम्नेस्टीको प्रतिक चिन्ह समेत रहेको मैनबत्ती प्रज्वलित गरी माननीय श्रेष्ठले सो साधारण सभाको उद्घाटन गर्नुभएको थियो ।

एम्नेस्टी नेपालका तत्कालीन अध्यक्ष श्री राजनप्रसाद कुइँकेलको अध्यक्षतामा भएको सो उद्घाटन सत्रका क्रममा विभिन्न वक्ताहरूले आ-आफ्ना भनाइहरू राख्नु भएको थियो । नेसनल बोर्डका महासचिव श्री लेखनाथ (लक्ष्मी) निरौलाले सञ्चालन गर्नुभएको उद्घाटन सत्रका निम्नलिखित वक्ताहरूले आफ्ना भनाइहरू राख्नुभएको थियो :

१. रत्ननगर नगरपालिकाका मेयर श्री नारायण बन,
२. पत्रकार महासङ्घ नेपालका पूर्व सभापति श्री हरिहर विरही,
३. नेपाल बार एसोसिएसनका पूर्व अध्यक्ष श्री हरिहर दाहाल,
४. नागरिक समाजका अगुवा प्रा. डा. श्री कपिल श्रेष्ठ,
५. पत्रकार तथा नागरिक समाजका अगुवा श्री कनकमणि दिक्षित,
६. वरिष्ठ पत्रकार तथा मानवअधिकारकर्मी प्रा. श्री पुरुषोत्तम दाहाल,
७. एम्नेस्टी इन्टरनेसनल नेपालका पूर्व अध्यक्ष एवं नागरिक समाजका अगुवा श्री चरण प्रसाईं,
८. मानवअधिकार प्रतिष्ठानका अध्यक्ष, इन्द्रप्रसाद अर्याल,

९. रत्ननगनर नगरपालिकाका उप मेयर श्री विमलादेवी दुवाडी,
१०. रत्ननगर नगरपालिका, वडा नं १० का अध्यक्ष शङ्कर सिंह तामाङ,
११. द्वन्द्वपीडित साझा चौतारीका पूर्व अध्यक्ष सुमन अधिकारी,
१२. नेपाली काङ्ग्रेसका जिल्ला सचिव राजिव न्यौपाने,
१३. नेपाल कम्युनिस्ट पार्टीका प्रतिनिधि निशा न्यौपाने,

उद्घाटन सत्रको क्रममा एम्नेस्टी नेपालका संस्थापक नुतन थपलियाले पठाउनु भएको साधारण सभाको सफलता र शुभकामना सन्देशलाई निर्देशक निराजन थपलियाद्वारा पढेर सुनाइएको थियो । उक्त सन्देशमा नेपालमा व्याप्त दण्डहीनता, बढ्दो महिला हिंसाका घटना र संसारमा अहिले देखिँदै आएको खुम्चँदो राजनीतिक नागरिक स्पेस र पछिल्लो समयमा नेपालमा समेत देखा पर्दै गएको यस्तै परिवेशका सन्दर्भमा नागरिक समाज कमजोर हुँदै गएको देखिएको चिन्ता व्यक्त गर्नुभएको थियो । त्यसैगरी आर्थिक वर्ष ०७४/०७५ मा सबैभन्दा बढी सदस्य सङ्ख्या पुऱ्याउन सफल भएको एम्नेस्टी नेपालको समूह ८९ टिकापुर र सबैभन्दा बढी मानवअधिकार अभियानसम्बन्धी गतिविधिहरू गरेको समूह ५४ पोखरालाई सम्मानित गरिएको थियो ।

उद्घाटन सत्रका प्रमूख अतिथि पूर्व न्यायाधीश श्रेष्ठले एम्नेस्टी नेपालमा आबद्ध सबै सदस्यहरूलाई मानवअधिकार अभियानमा जसरी स्वस्फूर्त लाग्नुभएको छ त्यसबाट कहिल्यै विचलित नभई कार्यकारी लगायत राज्यका निकायहरूलाई जवाफदेही र जिम्मेवार बनाउन सँधै लागिरहन प्रेरित गर्नुभएको थियो । आफ्नो निकै सारगर्भित मन्तव्यका क्रममा उहाँले नेपालमा नयाँ संविधान निर्माण भई कार्यान्वयनको क्रममा रहेको वर्तमान अवस्थामा संविधानमा प्रत्याभूत गरिएका ३२ वटा आधारभूत अधिकारका कुराहरूलाई समान रूपमा देशका सबै नागरिकहरूसम्म पुऱ्याउने कार्यमा राज्यलाई झक्झक्याउन प्रयत्नरत रहनुपर्नेमा उहाँले सुझाव राख्नु भयो । उहाँले नेपालमा रहेको द्वन्द्वकालीन घटनाहरूमा जवादेहिता स्थापना हुन नसकेको सन्दर्भमा बोल्दै नेपालमा अझै पनि न्यायको प्रतिश्पर्धा हुनुपर्नेमा दण्डहीनताको प्रतिश्पर्धा भइरहेको र त्यसमा राजनीतिक स्वार्थ मुसिएर न्यायको आकाङ्क्षामाथि बज्रपात परिरहेको तर्फ इङ्गित गर्दै यदि न्याय निरुपण सही ढङ्गले भएन भने पुनः अर्को द्वन्द्व हुने खतरा रहेको औंल्याउनु भयो ।

कार्यक्रमका अन्य वक्ताहरूले एम्नेस्टी नेपालको साधारण सभा सफलता र नयाँ निर्वाचित हुँने कार्यसमितिलाई शुभकामना व्यक्त गर्नुभएको थियो । अधिकांश वक्ताहरूले नेपालको सङ्क्रमणकालीन न्यायमा भएको ढिलाई लगायत अन्य मानवअधिकार चुनौतीका सवालमा एम्नेस्टी अझ प्रखर भएर अघि बढ्नुपर्ने औंल्याउनु भएको थियो । पत्रकार कनकमणि दिक्षितले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाले नेपालको मानवअधिकार संस्थागत गर्ने सन्दर्भमा "इन्स्टिट्युसनल मेमोरी"को रूपमा काम गरेको स्मरण गराउँदै आगामी दिनमा यसले कसरी काम गर्ने सन्दर्भमा दक्षिण एसियाको सन्दर्भलाई उद्धृत गर्दै ती विभिन्न सन्दर्भहरूबाट नेपालमा पर्ने मानवअधिकारमाथिको असर खासगरी भारत, बङ्गलादेश, पाकिस्तान, बर्मा, अफगानिस्तान लगायत मुलुकहरूमा व्याप्त कु-अभ्यासहरूले अन्तर्सामाजिक विग्रह निम्त्याउने खतरा रहेको र त्यस्ता सबै गतिविधिहरूका विरुद्ध मानवअधिकार र मौलिक हक स्थापनार्थ अलग्गै रणनीति लिएर अघि बढ्नु पर्ने बताउनु भयो ।

उद्घाटन सत्रलाई उक्त सत्रको अध्यक्षता गरिरहेका एम्नेस्टी नेपालका अध्यक्ष राजन प्रसाद कुईंकेलले सबै सदस्यहरूलाई एम्नेस्टी नेपालको सदस्य भएकोमा गौरव अनुभूति गर्न तथा एम्नेस्टीको लोगोलाई बदनाम गर्ने कुनै पनि गतिविधिमा नलाग्न प्रेरित गर्नुभयो । उहाँले आगामी दिनमा यसरी एम्नेस्टीको लोगोमा प्रहार गर्ने तथा बदनाम गर्ने प्रवृत्तिहरूका विरुद्ध उजागर गर्ने बचनबद्धता जनाउनुभयो । उहाँले एम्नेस्टीले चालेका विभिन्न मानवअधिकारसम्बन्धी अभियानहरूका बारेमा पनि चर्चा गर्नुभयो । साथै उहाँले दुई वर्षे कार्यकालका सन्दर्भमा आफूलाई विश्वास गरेर सहयोग गर्नुभएकोमा आभारी व्यक्त गर्नुभयो ।

**"फ्रि द प्रेस" याक्सन**



उद्घाटन् सत्रको समापनपश्चात भारतमा हत्या गरिएकी पत्रकार गौरी लङ्केशका लागि न्याय, म्यान्मारमा रोहिङ्ग्या समुदायमाथि भएको ज्यादतीको बारेमा समाचार लेखेको आरोपमा सात वर्ष जेलमा राखिएका पत्रकारद्वय वा लोन क्वा र सो उको यथाशीघ्र रिहाई तथा अलजजिरा टेलिभिजनमा अन्तर्वार्ता दिनेक्रममा सरकारको गतिविधिहरूको विरोध गरेको आरोपमा हिरासतमा राखिएका बङ्गलादेशका फोटोपत्रकार शहिदुल अलामको तत्काल र बिनाशर्त रिहाइको माग गर्दै #FreeShahidulAlam, #FreeWaLoneKyawSoeOo, #IMGAURI ब्यानरका साथ फोटो स्टन्ट गरिएको थियो ।

यो याक्सनपछि 'नागरिक समाजको खुम्चिदो अवस्था' शीर्षकमा प्रवचन र अन्तर्क्रियात्मक छफलल चलाइएको थियो । उक्त छलफलमा बरिष्ट अधिवक्ता तथा नेपाल बार एसोसियसनका पूर्व अध्यक्ष हरिहर दाहल र बरिष्ट पत्रकार तथा पत्रकार महासङ्घका पूर्व अध्यक्ष हरीहर विरहीले आ-आफ्नो प्रस्तुति राख्नुभएको थियो । त्यसपछि सहभागीहरूको जिज्ञासाको संबोधन गर्नुभएको थियो । सो कार्यक्रमपछि २७ औं साधारण सभाको उद्घाटनसत्रअन्तर्गतको प्रथम दिनको कार्यक्रम समापन भएको थियो ।

## ८.४.२. बन्दसत्र



असोज ८ गते भएको साधारणसभाको बन्द सत्रको सुरुआत *"जलवायु परिवर्तनले मानवअधिकारमा पुऱ्याएको असरहरू"* शीर्षकको विज्ञ प्रस्तुती र छलफलबाट भएको थियो । त्यसपछि संस्थाको वार्षिक योजना कार्यान्वय तथा आर्थिक प्रतिवेदन एवं आगामी वर्षको कार्ययोजना तथा बजेटका आलावा नेपालको वर्तमान मानवअधिकारको अवस्थासम्बन्धी विभिन्न प्रस्तावउपर छलफल भएको थियो । साथै उक्त साधारणसभाले एम्नेस्टी नेपालको आर्थिक नियमावली र कर्मचारी नियमावलीसम्बन्धी संशोधन प्रस्तावउपर छलफल गरी सर्वसम्मतीले पारित गरेको थियो । त्यस्तै साधारण सभामा प्रस्तुत एम्नेस्टी नेपालको राष्ट्रिय युवा रणनीति २०१९-२०२४ माथि छलफल गरी सर्वसम्मतीले पारित गरिएको थियो । तत्कालीन नेसनल बोर्डद्वारा नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचन प्रयोजनका लागि निर्वाचन अधिकृतका रूपमा पूर्व अध्यक्ष श्री प्रदिप पोखेललाई प्रस्ताव गरेकोमा साधारण सभाले सर्वसम्मतीले स्वीकृत गरेको थियो । सोही साधारण सभामा निर्वाचन अधिकृत श्री प्रदिप पोखेलको संयोजकत्वमा सम्पन्न निर्वाचनमा निम्न पदाधिकारीसहितको नयाँ नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचन भएको थियो :

**(क) नेसनल बोर्ड**

| | |
|---|---|
| **१. अध्यक्ष:** | श्री बिक्रम ढुकुछु, समूह १७, भक्तपुर |
| **२. कोषाध्यक्ष:** | श्री सुरेशप्रसाद उपाध्याय, समूह १६, बीरगञ्ज |
| **३. महिला सदस्य:** | १. श्री पार्वता आचार्य, समूह ३६, प्युठान |
| | २. श्री शचिता कुइँकेल, समूह २१, काठमाडौं |
| | ३. श्री संगीता चापागाईं, समूह १, धनकुटा |
| **४. सदस्य:** | १. श्री गोविन्द वाग्ले, समूह २६, कोहलपुर |
| | २. श्री कर्णबहादुर कुँवर, समूह ८९, टिकापुर |
| | ३. श्री निखिल पोखरेल, समूह १०, इनरूवा |
| | ४. श्री महेशकुमार पौडेल, समूह ३३, चितवन |
| **५. युवा सदस्य:** | १. श्री बिपिन बुढाथोकी, डाइनामिक युथ नेटवर्क, काठमाडौँ |
| | २. श्री समिक्षा कोईराला, काठमाडौं युनिभसिटी युथ नेटवर्क, काभ्रे |

**(ख) पुनरावेदन समिति**

| | |
|---|---|
| **१. संयोजक:** | श्री सुदिपकुमार शर्मा भट्ट, समूह ६२, नेपालगञ्ज |
| **२. महिला सदस्य:** | श्री नाईडुकुमारी नेपाली, समूह ५, महोत्तरी |
| **३. सदस्य:** | श्री जीवनप्रसाद फुयाँल, समूह २०, काठमाडौं |

त्यस्तै पत्रकार सम्मेलनमा साधारणसभाबाट पारित मानवअधिकार प्रस्तावहरू एवं संस्थाको गतिविधिको प्रतिवेदन पनि सार्वजनिक गरिएको थियो। साधारणसभामा देशभरबाट एम्नेस्टी नेपालमा आबद्ध स्थानीय समूहका प्रतिनिधिहरू, नेसनल बोर्ड तथा पुनरावेदन समितिका पदाधिकारीहरू, पूर्व अध्यक्ष लगायतका पदाधिकारीहरू र नेसनल बोर्डद्वारा आमन्त्रित अतिथि गरी २०० जना भन्दा बढीको उपस्थिति रहेको थियो ।

### ८.४.३. समापनसत्र



२०७५ असोज ८ गते अपरान्ह एक संक्षिप्त समारोहका बीच एम्नेस्टी नेपालको २७ औं बार्षिक साधारण सभाको समापन गरिएको थियो । सो अवसरमा एम्नेस्टी नेपालका निवर्तमान अध्यक्ष श्री राजनप्रसाद कुइँकेलले साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने चितवनको स्थानीय समूह २५, ३३ र ६४ तथा त्यसका सम्पूर्ण सदस्य एवं पदाधिकारीहरूलाई धन्यवाद दिनुभएको थियो । त्यसैगरी उहाँले सबै स्वयंसेवक, पर्यवेक्षक, अतिथि, पत्रकार, नागरिक समाज, होटल स्टार ब्याङ्केटका कर्मचारी र सबै समूह प्रतिनिधिहरू र एम्नेस्टी नेपालको सचिवालयलाई पनि विशेष धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा एम्नेस्टी नेपालका नवनिर्वाचित अध्यक्ष बिक्रम ढुकुछु र अध्यक्ष पदका प्रत्यासी उत्तम सापकोटा लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समापन समारोहमा निवर्तमान अध्यक्ष राजनप्रसाद कुइँकेलले नवनिर्वाचित अध्यक्ष विक्रम ढुकुछुलाई प्रज्वलित मैनबत्ती हस्तान्तरण गर्दै अध्यक्षको कार्यभार हस्तान्तरण गर्नुभएको थियो ।

## ८.५. एम्नेस्टी नेपालको Governance र Management

एम्नेस्टी नेपालको नीतिगत कामका लागि यस संस्थाको सदस्यहरूमध्येबाट हरेक २/२ वर्षमा निर्वाचित हुने नेसनल बोर्ड रहेको हुन्छ भने संस्थाका सबै गतिविधि सञ्चालन गर्नका लागि राष्ट्रिय सचिवालय रहेको छ। त्यसैगरी विधान र नियमावलीले तोके बमोजिमका काम गर्न राष्ट्रिय परिषद् बैठक (वार्षिक साधारणसभा) बाट पुनरावेदन समिति निर्वाचित हुने गरेको छ। यी सबै निकायले आ-आफ्ना जिम्मेवारीअनुसारका कार्यहरू गर्ने गर्दछन् ।

### ८.५.१. पुनरावेदन समिति

नेसनल बोर्डले एम्नेस्टी नेपालमा आबद्ध कुनै समूह खारेजी गरेमा वा कुनै एम्नेस्टी सदस्यलाई सदस्यताबाट निस्कासनको निर्णय भएमा सम्बन्धित समूह वा सदस्यले त्यस्तो निर्णय चित्त नबुझी पुनरावेदन गर्न चाहेमा एम्नेस्टी नेपालको विधान बमोजिम पुनरावेदन समितिको व्यवस्था गरिएको छ । हरेक राष्ट्रिय परिषद् बैठकबाट २/२ वर्षमा नयाँ समितिको गठन हुने गर्दछ । पुनरावेदन समितिले पुनरावेदन निवेदनहरूउपर आवश्यक छानबिन गर्ने र आवश्यक परेमा नेसनल बोर्डको निर्णयलाई बदरसम्म गर्ने अधिकार राख्दछ ।

**पुनरावेदन समितिको बैठक**

वर्ष २०७५/७६ को अवधिभित्र पुनरावेदन समितिको बैठक दुई पटक बसेको थियो ।

### ८.५.२. नेसनल बोर्ड

वार्षिक साधारणसभाको अन्तरालमा नीतिगत निर्णयहरू गर्न नेसनल बोर्डको गठन भएको हुन्छ । यसका अलावा मानवअधिकार तथा संस्थागत नीतिको मस्यौदा गरी साधारण सभामा पेश गर्ने काम पनि नेसनल बोर्डकोको कार्यक्षेत्रभित्र पर्दछ। हरेक राष्ट्रिय परिषद् बैठकबाट २/२ वर्षमा नयाँ समितिको गठन हुने गर्दछ ।

**नेसनल बोर्डको बैठक**

वर्ष २०७५/७६ मा राष्ट्रिय कार्यसमितिका सात वटा बैठकहरू बसी विभिन्न निर्णयहरू गरिएका थिए ।

### ८.५.३. राष्ट्रिय सचिवालय

संस्थाको दैनिक कार्यसञ्चालनका लागि राष्ट्रिय सचिवालय रहेको छ र जसमा विभिन्न विभागमा विभागीय कर्मचारीहरूको व्यवस्था गरिएको छ ।

- **कर्मचारीहरूद्वारा राजिनामा**

यस आर्थिक वर्षमा दुई जना कर्मचारीले एम्नेस्टी नेपालबाट राजिनामा लिए। यसरी राजिनामा लिनेमा विगत सात वर्षदेखि अफिस म्यानेजरका रूपमा कार्यरत श्री श्रद्धा थापाले २०१८नोभेम्बर ३१ देखि लागू हुनेगरी आफ्नो पदबाट राजिनामा दिनुभएको थियो। त्यस्तै २०१९ अगस्ट २६ देखि लागू हुनेगरी विगत साँढे दुई वर्षदेखि मिडिया र सञ्चारसंयोजककमा रूपमा कार्यरत श्री गौरव चन्द्र गुरुङ्ले राजिनामा दिनुभएको थियो ।

- **कर्मचारी नियुक्ती**

अफिस म्यानेजरको राजिनामापश्चात रिक्त रहेको पदलाई नेसनल बोर्डको परामर्शमा मानवअधिकार शिक्षा अधिकृत पदमा परिमार्जन गरी सो पदमा खुला प्रतियोगितामार्फत श्री जेसलिना राणालाई मार्च २०१९ देखि नियुक्त गरियो। गौरव चन्द्र गुरुङ्को राजिनमापश्चातको रिक्त पदपूर्ति प्रकृया जारी रहेको छ ।

- **कर्मचारी बैठक**

राष्ट्रिय सचिवालयमा कर्मचारीहरूको बैठक हरेक हप्ता बस्ने गरेको छ । उक्त बैठकका अलावा आवश्यकताअनुसार थप बैठकहरू बसी योजना कार्यान्वयन लगायत विषयमा आवश्यक छलफल गरिने गरिन्छ । हरेक बैठकहरूमा भएका छलफलहरूको माइन्युटिङ्ग गर्ने पद्धति रहेको छ ।

## ८.६. ग्लोबल गर्भनेन्स प्रकृयामा सहभागिता

एम्नेस्टी इन्टरनेसनल नेपालले यस आर्थिक वर्षमा एम्नेस्टी इन्टरनेसनलको विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागिता जनाएको छ ।

### ८.६.१. एम्नेस्टी इन्टरनेसनलको दोश्रो ग्लोबल असेम्बलीमा सहभागिता

२०१९ को अगस्ट २ देखि ५ सम्म दक्षिण अफ्रिकाको जोहानेस्बर्गमा भएको एम्नेस्टी इन्टरनेसनलको दोश्रो ग्लोबल असेम्ब्ली (Global Assembly) मा एम्नेस्टी नेपालबाट नेसलन बोर्ड अध्यक्ष बिक्रम ढुकुछु, उपमहासचिव बिपिन बुढाथोकी, सदस्य संगीता चापागाईं र निर्देशक निराजन थपलियाको सहभागिता रहेको थियो । अगस्ट १ मा युथ डेलिगेटहरूको युथ फोरम रहेको थियो जसमा एम्नेस्टी नेपालका युथ डेलिगेट बिपिन बुढाथोकीले सहभागिता जनाउनुभएको थियो ।

ग्लोबल असेम्ब्लीमा इन्टरनेसनल बोर्डका अध्यक्ष मिकाली मुथियानी, कोषाध्यक्ष याको स्मिथ र महासचिव कुमि नाइडुद्वारा प्रस्तुत प्रतिवेदनहरू माथि छलफल गरी पारित गरिएको थियो । महासचिव कुमीले आफ्नो गत एक वर्षको कार्यकालमा आफूले काम थालेपछिका संस्थागत उतारचडाव लगायत मानवअधिकारका क्षेत्रमा विश्वव्यापी रूपमा आफूले गरेका प्रयत्नहरू, अन्तर्राष्ट्रिय मिसनहरू, विभिन्न राष्ट्राध्यक्षहरूसँग भएका “एड्भोकेसी मिटिङ्गहरू”, विभिन्न ग्लोबल फोरमहरूमा उभिएर गरिएका “इन्टरभेन्सनज्हरू” लगायतका बारेमा संक्षिप्त प्रस्तुती राख्नुभएको थियो । उहाँले आफूले कार्यभार संहालेकै दिन एम्नेस्टी टर्कीका अध्यक्ष टानर किलिक रिहा हुनुभएको तथा उहाँ र उहाँको परिवारलाई गई भेटेको सन्दर्भलाई पनि छुनुभएको थियो ।




*ग्लोबल असेम्ब्लीमा एम्नेस्टी नेपालका अध्यक्ष भोटिङ्ग गर्दै*

त्यसपछिको अर्को सत्रमा महासचिव कुमीले आफ्नो एम्नेस्टी इन्टरनेसनललाई “अ बिगर, बोल्डर एण्ड मोर इन्क्लुसिभ (A Bigger, Bolder and More Inclusive)” मुभमेन्ट बनाउनेतर्फको “भिजन”लाई प्रस्तुत गर्नुभएको थियो । यस सत्रमा उहाँले एम्नेस्टी इन्टरनेसनलको “वर्क कल्चर (Work Culture)” मा परिवर्तन गर्नुपर्ने तथा *बोर्ड, स्टाफ, भोलुन्टियरज, डोनर, सपोर्टर* तथा *एक्टिभिस्टहरू*बीच सहयोगी, आत्मीय र पारस्परिक सम्बन्ध सुदृढ गर्नुपर्ने विचार राख्नुभएको थियो । उहाँले “We are fighting the bad guys out there but we are also fighting with each other र यसले हामीभित्र द्वन्द्व, अन्यौलता, अस्पष्टता र दिशाहीनता जन्माएको”ले अब आन्तरिक रूपमा सुदृढ हुन ढिलो भइसकेकोतर्फ इङ्गित गर्नुभएको थियो । यस क्रममा एम्नेस्टीको “एक्स्टर्नल इन्गेजमेन्ट” एकदमै फराकिलो र सकेसम्म धेरैलाई समेट्ने तथा “राइट्स होल्डर”, पीडित र लाभग्राही समूहहरूलाई केन्द्रमा राखी जहिल्यै पनि उहाँहरूको “सर्वोत्तम हित”का लागि काम गर्नुपर्ने तथा यस क्रममा उहाँहरूलाई कसरी हाम्रो अभियानभित्र समावेश गर्न सकिन्छ भन्ने कुरामा लाग्नुपर्ने विषयमा जोड दिनुभएको थियो । त्यस्तै उहाँले नागरिक समाजका अन्य समूहहरू, “फेथ लिडर्ज”,

राजनीतिक दल लगायत सबै तप्का र तहमा “अलाइज” बनाएर अग्रगामी कदम चालेमा मात्र मानवअधिकारका वर्तमान चुनौतीहरू सामना गर्न सकिनेतर्फ विचार आफ्ना विचार राख्नुभएको थियो ।

त्यसपछिका तीनवटा “प्यारलल वर्कशप” सेसनमा “भिजन अन माइग्रेसन”, “कोषाध्यक्षको प्रतिवेदन” र “मिलिटरी अकुपेसन्स्” विषयहरूमा छलफल भएको थियो । “स्ट्याण्डिङ् रेप्रजेन्टेटिभको लिडरसिप वर्कशप”, “संस्थागत मोसन्ज”सम्बन्धी छलफल र “पोलिसि र थिम्याटिक मोसन” हरूमा छलफल अन्य एजेण्डाका विषय रहेका थिए । त्यस्तै यस ग्लोबल असेम्ब्लीले अन्तर्राष्ट्रिय बोर्डका पाँच पद लगायत प्रेपकम, फाइनान्स र अडिट कमिटि, इन्टरनेसनल नोमिनेसन कमिटि लगायतका पदहरूमा निर्वाचन सम्पन्न गरेको छ । अन्तर्राष्ट्रिय बोर्डको ट्रेजररमा एम्नेस्टी युएसका अनिकेत साह ग्लोबल असेम्ब्लीको प्लेनरीको सर्वसम्मत मतबाट निर्वाचित हुनुभयो भने इन्टरनेसनल बोर्डको चार वर्षे कार्यकालका लागि एम्नेस्टी न्युजिल्याण्डका पिटर फापु र तीन वर्षे कार्यकालका लागि एम्नेस्टी मलेशियाकी अन्जुला म्या बयस, एम्नेस्टी फिलिपिन्सका रिज लि सान्तोस् र एम्नेस्टी मेक्सिकोकी लुलु बरेरा निर्वाचित भएका छन् । त्यस्तै फाइनान्स एण्ड अडिट कमिटिमा एम्नेस्टी आएरल्याण्डका एलान म्यकलिन निर्वाचित हुनुभएको छ। त्यस्तै प्रेपकममा एम्नेस्टी युकेकी पूर्व अध्यक्ष रुथ ब्रेडेल र एम्नेस्टी डेनमार्ककी निना मोन्राड बेल पुनः निर्वाचित हुनुभएको छ ।

## ८.६.२. रिजनल फोरममा सहभागिता

ग्लोबल असेम्ब्ली पूर्व हुने एम्नेस्टीका सेक्सनहरूको ग्लोबल असेम्ब्ली तयारी बैठक अर्थात रिजलन फोरम सन् २०१९ को अप्रिल १३, १४ र १५ मा ताइवानको ताइपेइमा सम्पन्न भएको थियो जसमा नेसनल बोर्ड अध्यक्ष बिक्रम ढकुछु, युवा सदस्य समिक्षा कोइराला र निर्देशक सम्मिलित टोलीले सहभागिता जनाएको थियो । उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय बोर्डका सहराम हसेनी, ग्लोबल असेम्ब्ली प्रेपकमका सदस्य शर्मिला सेताराम, इन्टरनेनल नोमिनेसन कमिटिका सदस्य उषा सबनयगम, अन्तर्राष्ट्रिय सचिवालयका फण्ड रेजिङ् डिपार्टमेन्टका सिनियर डाइरेक्टर जुली बरहार समेतको उपस्थिति रहेको थियो । ग्लोबल असेम्ब्ली तयारीसम्बन्धी विभिन्न सत्रहरूमा सन् २०१९ को अगस्टमा हुन गइरहेको ग्लोबल असेम्ब्लीका विभिन्न मोसनहरूमा तयारी छलफल र एम्नेस्टीको नयाँ रणनीतिक लक्ष्य निर्धारणसम्बन्धी गृहकार्य लगायत विषयमा प्रस्तुती र छलफलहरू भएका थिए ।

उक्त फोरममा भएको युथ सेसनमा युथ डेलिगेटहरूले *एम्नेस्टी इन्टरनेसनलमा युवाहरूको थप सहभागिता, सक्रियता र अन्तर्पुस्तागत नेतृत्व हस्तान्तरणका सवालमा विद्यमान चुनौती र अवसर* शीर्षकमा प्यालन छलफल गर्दै फोरममा उपस्थित चेयर र डाइरेक्टरहरूबाट सन् २०२० को अर्को रिजनल फोरमसम्मका लागि विभिन्न प्रतिबद्धताहरू लिने काम गरेको थिए । नेपालकी युथ बोर्ड मेम्बर समिक्षा कोइरालाले प्यानल डिस्कसनको मोडरेट गरेकी थिइन् जसको निकै राम्रो प्रशंसा भएको थियो । रिजनल फोरमको प्रेप कमको “टर्मज् अफ रेफरेन्स” मा संशोधन गरी आठ सदस्यीय टोली (तीन जना चेयर, तीन जना डाइरेक्टर, एक जना युथ र एक जना रिजनल डाइरेक्टर) बनाइएको छ । प्रेपकममा यदि कुनै पदरिक्तता भएमा प्रेपकमले नै अर्को फोरमसम्मका लागि उक्त पदपूर्ति गर्ने प्रावधान पनि थप गरिएको छ ।







*एसिया प्यासिफिक रिजनल फोरम २०१९का सहभागीहरू*

## ८.७. सामग्री उत्पादन र वितरण

वर्ष २०७५/७६ मा पनि एम्नेस्टी नेपालले यसका प्रकाशन तथा अभियान सामग्री प्रकाशित गर्ने र तिनको वितरण गर्ने कार्यलाई निरन्तरता दियो ।

### ८.७.१. संस्थागत लिफलेट लगायत विविधि सामग्रीहरू प्रकाशन तथा वितरण

एम्नेस्टी नेपालले यो वर्ष आफ्नो संस्थागत लिफलेट, आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी वैदेशिक रोजकारका तीन चरण नामको हातेपुस्तिका र मानवअधिकार शिक्षासम्बन्धी विभिन्न अभियान सामग्रीहरू तयार गरी प्रकाशन गऱ्यो र ती सामग्रीहरूको व्यापक वितरण पनि गऱ्यो ।

### ८.७.२. वार्षिक प्रतिवेदन

वर्ष २०७४/७५ को एम्नेस्टी नेपालको गतिविधि तथा लेखापरीक्षण एवं आर्थिक प्रतिवेदन समेटेर एक वार्षिक प्रतिवेदन तयार गरिएको थियो । कुल ११३ पृष्ठको सो प्रतिवेदन १५० थान प्रकाशित गरिएको थियो । एम्नेस्टी नेपालको २७औं वार्षिक साधारणसभाका सहभागी, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, समाज कल्याण परिषद् लगायतका निकायमा वितरण तथा प्रेषित गर्ने उद्देश्यले प्रतिवेदन प्रकाशित गरिएको थियो ।

यसका अलावा वर्ष २०७४/७५ मा एम्नेस्टी नेपालमा कुन स्रोतबाट कति आम्दानी भयो र त्यो रकम कहाँ कति खर्च भयो भनी जानकरी गराउने उद्देश्यले २०७५ असोज ९ गते आयोजित पत्रकार सम्मेलनमा समेत सो प्रतिवेदन वितरण गरिएको थियो । साथै एम्नेस्टी नेपालको वर्ष भरीको गतिविधि तथा आय व्ययको बारेमा जानकारी राख्न चाहनेहरूलाई पनि सो प्रतिवेदन उपलब्ध गराइएको थियो ।

### ८.७.३. डायरी, पेन लगायत अन्य सामग्री खरिद

एम्नेस्टी को नयाँ सदस्यता लिने वा सदस्यता नवीकरण गर्ने सबैलाई :झदभचकजष्उ एबअप प्रदान गरिँदै आइएको छ । त्यस्तो :झदभचकजष्उ एबअप मा सदस्यता परिचयपत्र, शुल्क तिरेको रसिद, डायरी, कलम र एम्नेस्टी को नाम अङ्कित पीन राखिएको हुन्छ । त्यसरी :झदभचकजष्उ एबअप मा राखी वितरण गर्ने प्रयोजनका लागि र अन्य कार्यक्रमहरूमा वितरणका लाथि थुप्रै थान डायरी, पेन, पीन लगायतका अन्य सामग्रीहरू गरीद गरियो । त्यस्तै साधारण सभा र युथ मेलाका सहभागीहरूका लागि आवश्यक टिसर्ट र ब्यागहरूको खरिद कार्य पनि गरिएको थियो ।

### ८.७.४. अन्य सामग्री

एम्नेस्टी नेपालले आयोजना गर्ने प्रशिक्षण तथा अन्य इनडोर कार्यक्रमहरूमा वितरण गर्नका लागि राइटिंग प्याड उत्पादन गरियो । त्यस्तै सदस्यताको आवेदनका लागि सदस्यता फर्म, कार्यालय प्रयोजनको लागि आवश्यक खाम, लेटरप्याड, सदस्यता परिचयपत्र, भौचर, प्रशिक्षण कार्यक्रममा वितरण गर्न प्रमाणपत्र जस्ता सामग्री आवश्यकता अनुसार उत्पादन गरियो ।

एम्नेस्टी नेपालले उत्पादन गरेको राइटिंग प्याड र डटपेन समूह वा युथ नेटवर्कले आयोजना गर्ने कार्यक्रमहरूमा वितरण गर्नका लागि पनि उपलब्ध गराइए ।

### ८.७.५. जेनरेटर बिक्रि र प्रिन्टर, कम्प्युटर लगायत आवश्यक विभिन्न सामग्रीहरूको खरिद

सचिवलायमा प्रयोगमा आएको जेनरेटरको लागत र मर्मतसंभार खर्च बढ्दो भएको तथा एम्नेस्टीको नीतिले पनि ग्रीन इनर्जीमा शिफ्ट गर्नुपर्ने भएकोले उक्त जेनेरटलाई रुं. एक लाख असी हजारमा बिक्री गरिएको छ । सचिवालयमा आवश्यक रहेका मेम्बरसिप आइडि कार्ड प्रिन्टिङ् मेशिन, क्यामेरा, फ्यान र हिटर लगायतका सामग्रीहरूको खरिद गरिएको छ । अन्य आइसिटिसम्बन्धी फुटकर सामग्रीहरू पनि आवश्यकताअनुसार खरिद गरिएको छ ।

## ८.८. समूह तथा युथ नेटवर्कहरूले आयोजना गर्ने कार्यक्रमहरूमा सहयोग

कुनै पनि एम्नेस्टी समूह वा युथ नेटवर्कले आयोजना गर्ने कुनै पनि प्रकारको कार्यक्रममा एम्नेस्टी नेपालको तहबाट हुन सक्ने कुनै पनि सहयोग तत्काल उपलब्ध गराउने व्यवस्था मिलाई सो को कार्यान्वयन गरिँदै आइएको छ । यसमा खास गरेर एम्नेस्टी अभियानसम्बन्धी उपलब्ध सामग्रीहरू माग भए अनुसार समूह वा युथ नेटवर्कहरूमा उपलब्ध गराउने र माग भए अनुसार अन्य सहयोग उपलब्ध गराउने काम गरियो ।

एम्नेस्टी नेपालका तर्फबाट सञ्चालन गरिने विशेष अभियानका विषयमा एक्सन सर्कुलरहरू तयार गरी त्यस्ता अभियानमा भाग लिन इच्छुक समूह एवं युथ नेटवर्कहरूमा पठाउने कामलाई गत आ.व.२०७५/७६ मा पनि निरन्तरता दिइयो । यस्तो एक्सन सर्कुलरमा सम्बन्धित अभियानको उद्देश्य, त्यसअन्तर्गत के कस्ता कार्यक्रम गर्न सकिन्छ भन्ने जस्ता जानकारी समावेश गरिएको हुन्छ । यसका अलावा कतिपय अभियानसँग सम्बन्धित अभियान सामग्री पनि राष्ट्रिय सचिवालयबाट तयार गरेर प्रेषित गरियो । यसबाट समूह वा सदस्यहरूका तर्फबाट मानवअधिकारका सम्बन्धित विषयमा व्यक्त गरिने धारणाहरू एम्नेस्टी को धारणासँग बाझिन सक्ने सम्भावनाको अन्त्य हुने देखिन्छ भने समूहहरूमा सम्बन्धित विषयमा कस्ता अवधारणा व्यक्त गर्ने वा के कस्ता सम्भावित कार्यक्रम गर्न सकिन्छ होला भनी पर्ने द्विविधा अन्त्य हुने विश्वास गरिएको छ ।

## ८.९. स्थानीय समूह र युथनेटवर्कहरूलाई 'Campaigning Package'

एम्नेस्टी नेपालले राष्ट्रियस्तरमा गर्ने कुनै पनि अभियानका लागि सामान्यतयाः यस संस्थामा आबद्ध स्थानीय समूह र युथ नेटवर्कहरूलाई “क्याम्पेनिङ्ग प्याकेज” (Campaign Package) प्रेषित गर्ने गरिन्छ । कुनै कुनै अभियानहरूका हकमा प्रारम्भमा नै सम्बन्धित अभियानमा सहभागी हुन समूह वा युथ नेटवर्कहरू इच्छुक छन् भने जानकारी गराउन एम्नेस्टी नेपालबाट प्रेषित हुने नियमित सर्कुलर मार्फत् सबै समूह र युथ नेटवर्कहरूमा अनुरोध गर्ने गरिन्छ र त्यसपछि सम्बन्धित अभियानमा सहभागी हुन इच्छा व्यक्त गर्ने समूह र युथ नेटवर्कलाई मात्र सम्बन्धित अभियानका लागि त्यस्तो प्याकेज प्रेषित गर्ने गरिन्छ । कतिपय अभियानमा भने सबै समूह र युथ नेटवर्कहरूलाई यस्तो प्याक पठाउने गरिन्छ । यस्तो प्याकेजमा सामान्यतयाः निम्नानुसारका सामग्रीहरू संलग्न गरिएको हुन्छ ।

- **एक्सन सर्कुलर** (Action Circular) : अभियान गर्न लागिएको विषयमा विस्तृत जानकारी, अभियानको उद्देश्य, समय सीमा, स्थानीयस्तरमा गर्न सकिने सम्भावित कार्यक्रमहरूको सूची, कार्यक्रम आयोजना गर्दा ध्यान दिनु पर्ने कुराहरू, जस्ता विषयवस्तु उल्लेखित दस्तावेज । एक्सन सर्कुलर सम्बन्धित विषयमा अभियान गर्न इच्छुक समूह र युथ नेटवर्कहरूलाई उपलब्ध गराइने आन्तरिक दस्तावेज हो, जसलाई कतिपयले *अभियानसम्बन्धी निर्देशिका* भनेर पनि बुझ्ने गर्दछन् ।
- **अवधारणा पत्र** : जुन विषयमा केन्द्रीत अभियान हो, त्यस सम्बन्धमा विद्यमान अवस्था, एम्नेस्टी इन्टरनेसनलको त्यस विषयका सम्बन्धमा संस्थागत धारणा र मानवअधिकारको अवस्था सुधारका लागि एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएको सिफारिसहरू सहितको विस्तृत दस्तावेज । यो अवधारणापत्रले सम्बन्धित विषयमा एम्नेस्टी इन्टरनेसनलको संस्थागत धारणा स्पष्ट पार्दछ । यो दस्तावेज सार्वजनिक रुपमा वितरण वा प्रस्तुत गर्नको लागि तयार गरिएको हुन्छ ।
- **आवश्यक अन्य सामग्रीहरू** : उपलब्ध भएसम्म कार्यक्रममा वितरणार्थ तयार पारिएका पर्चा, पोस्टर, बुकलेट, प्रतिवेदन, पुस्तिका, स्टेशनरी जस्ता सामग्रीहरू एवं प्रतिवेदन वा क्याम्पेन डाइजेस्ट जस्ता सन्दर्भ सामग्रीहरू । कतिपय क्याम्पेनिङ्ग प्याकमा ब्यानरहरूसमेत तयार पारेर पठाइएको हुन्छ ।

## ८.१०. वेबसाइट अपडेट र वेबसाइटबाटै अभियानमा भाग लिन सकिने व्यवस्था

एम्नेस्टी नेपालको वेवासाइट नियमित रूपमा अपडेट गरिँदै आएको छ । त्यसैगरी एम्नेस्टी नेपालको वेवसाइटबाटै एम्नेस्टीको अनलाईन पिटिसनका कामहरू गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

## ८.१०.१. अनलाईन एक्सन सेन्टर

एम्नेस्टी नेपालको वेबसाइटमा प्रारम्भ गरिएको अनलाईन याक्सन सेन्टरमार्फत् नेपाल तथा अन्य देशका मानवअधिकारसम्बन्धी विषयका अभियानमा अनलाईन विधि मार्फत् सम्बन्धित राष्ट्रका अधिकारीहरूलाई पत्र प्रेषण गर्न सकिन्छ ।

सो एक्सन सेन्टरको प्रयोग गरी कसले पत्रहरू पठायो र कतिवटा पठाइयो भन्ने रेकर्ड एम्नेस्टी नेपालमा ट्र्याक गर्न सकिने सुविधा छ । उक्त सेन्टरको ठेगाना https://amnestynepal.org/appeal-for-action/ रहेको छ । सेन्टरमार्फत् करिब २ मिनेटको समय खर्च गरी एउटा पत्र पठाउन सकिन्छ ।

## ८.१०.२. वेब एस.एम.एस. को प्रयोग

कुनै महत्वपूर्ण सूचना प्रवाहका लागि एम्नेस्टी नेपालले वेब एस.एम.एस.को प्रयोग गर्ने गरेको छ । कुनै कार्यक्रमको संक्षिप्त निमन्त्रणा पठाउन वा कुनै महत्वपूर्ण जानकारी उपलब्ध गराउन यो सेवाको प्रयोग गर्ने गरिएको छ ।

## ८.११. सामाजिक सञ्जालमा एम्नेस्टी नेपाल

एम्नेस्टी नेपालले सामाजिक सञ्जालको प्रयोगलाई निरन्तरता दिएको छ । एम्नेस्टी नेपालको नाममा खोलिएको फेसबुक पेज (fb.com/amnesty.nepal) तथा ट्वीटर (@amnestynepal) मार्फत् हाम्रा विभिन्न अभियानहरूलाई निरन्तर  जनमानसमा पुऱ्याउने कार्यलाई जारी राखिएको छ ।

सामाजिक सञ्जालका साइटहरूमा आगामी कार्यक्रमका बारेमा जानकारीहरू र सम्पन्न गरिएका कार्यक्रमका रिपोर्टिङ्गहरू अपलोड गरिनुका साथै ती साइटहरूमार्फत् कार्यक्रमको निमन्त्रणा पनि गर्ने गरिएको छ ।

## ८.१२. कम्प्युटर सफ्टवेयरको प्रयोग

लेखा तथा सदस्यताको अभिलेखलाई सफ्टवेयरमा राख्ने गरिएको छ । सदस्यतासम्बन्धी सफ्टवेयर पुरानो भएकोले यसलाई अपग्रेड गरी नयाँ स्वरूपमा लगिएको छ । सदस्यता सफ्टवयरमा सदस्यहरूले आफ्नो प्रोफाइल लग इन गरी हेर्न मिल्ने तथा आफ्नो विवरण अद्यावधिक गर्न मिल्ने व्यवस्था मिलाइएको छ । सफ्टवयरमार्फत् धेरै प्रकारका रिपोर्टहरू प्राप्त गर्न सकिन्छ र यसरमा रहेको रेकर्डबाट शुल्क तिरेको रसिद र सदस्यता कार्डलाई कम्प्युटर प्रिन्ट गर्ने व्यवस्था मिलाइएको छ ।

- **इलेक्ट्रोनिक एटेन्डेन्स मेसिन**

  जनवरी २०१५ देखि एम्नेस्टी नेपालमा इलेक्ट्रोनिक एटेन्डेन्ट मेसिन जडान गरी कर्मचारीहरूको हाजिरी रेकर्ड त्यस मेसिनमार्फत् गर्ने व्यवस्था गरिँदै आएको छ ।

## ८.१३. पारदर्शिता तथा जवाफदेहिता

संस्थागत पारदर्शिता तथा जवाफदेहिताका निम्ति एम्नेस्टी नेपालले नेपाल सरकारका नियकायहरू, एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय, यस संस्थामा आबद्ध समूह एवं युथ नेटवर्कलाई नियमित रुपमा रिपोर्टिङ्ग गऱ्यो । कुनै पनि नीति निर्माणका लागि समूह एवं युथ नेटवर्कहरूबाट सुझाव संकलन गर्ने, आर्थिक तथा अभियान गतिविधिका प्रतिवेदनहरू प्रेषित गर्ने, राष्ट्रिय कार्यसमितिका निर्णयहरूका प्रतिलिपिहरू प्रेषित गर्ने, कुनै अभियान सञ्चालन गर्नु अघि त्यस्तो अभियान सञ्चालन गर्नुको औचित्य स्पष्ट पार्ने लगायतका संस्थागत पारदर्शिता र जवाफदेहिताको अभ्यासलाई निरन्तरता दिइयो ।

### ८.१३.१. आन्तरिक पारदर्शिता तथा जवाफदेहिता

संस्थाको आन्तरिक पारदर्शिता र जवाफदेहिताका लागि व्यवस्थित प्रणालीको विकास गरी तिनको पालना र अभ्यास गर्ने गरिँदै आएकोमा गत आ.व.मा पनि तिनले निरन्तरता पाउनुका साथै त्यस प्रणालीअन्तर्गतको अभ्यासलाई थप सुदृढ पारियो ।

- **निर्देशकद्वारा अद्यावधिक प्रतिवेदन पेश**

  संस्थाको योजना कार्यान्वयनको लागि जिम्मेवार निकाय राष्ट्रिय सचिवालयका निर्देशकले नेसनल बोर्डलाई नियमित लिखित प्रतिवेदन पेश गर्ने गरिएको छ । यस्तो प्रतिवेदनमा हप्ताभर भएका प्रमुख कामहरू, अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त जानकारीहरू, एम्नेस्टीले प्रकाशन गरेका प्रतिवेदन वा विज्ञप्तिहरू (खासगरी एम्नेस्टी नेपाललाई प्रत्यक्ष सरोकार हुने प्रकाशनहरूमात्रै), वा निकट भविष्यमा गरिन लागेको कुनै कार्यक्रमका सम्बन्धमा जानकारीहरू समेटिएका हुन्छन् । यस्तो प्रतिवेदन नेसनल बोर्ड र पुनरावेदन समितिका पदाधिकारीहरूलाई इमेल मार्फत् प्रेषित गर्ने गरिएको छ ।

- **नियमित सर्कुलर**

  एम्नेस्टी नेपालबाट गरिने कुनै पनि अभियान वा संस्थागत विषयमा यस संस्थामा आबद्ध समूह, युथ नेटवर्क, राष्ट्रिय बोड एवं पुनरावेदन समितिका पदाधिकारीहरूलाई जानकारी गराउन संस्थाको स्थापनाकालदेखि नै नियमित रुपमा सर्कुलरहरू प्रेषित गरिँदै आएको छ । त्यस्ता सर्कुलरमा :

✓ नेसनल बोर्डको बैठकको निर्णयको माइन्युट प्रतिलिपि,
